वर्ष : १३, अंक : ३५, काठमाडौं, २०७४ पुस ७ गते शुक्रबार 22 December 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मधेश आन्दोलनका घटनाबारे छानविन गर्न गठित आयोगको प्रतिवेदन

# रद्दीको टोकरीमा फाल्ने कि सार्वजनिक गर्ने ?

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेश आन्दोलनका क्रममा भएका घटनाबारे सत्य-तथ्य छानविन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री शेरबहादुर देउवाले अघिल्ला सरकारहरू जस्तै सार्वजनिक गर्ने र दोषीउपर कारवाही गरिने प्रतिवद्धता जाहेर गरे ।

प्रधानमन्त्री देउवाले प्रतिवेदन अध्ययन गरी आवश्यक निर्णय पनि नयाँ सरकारले नै गर्ने बताए ।

प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी पनि नयाँ सरकारकै भएको प्रधानमन्त्री देउवाको भनाइलाई गलत मान्न नसकिए पनि उनी आयोगको प्रतिवेदन सार्वजनिक गर्न तयार छैनन् भन्ने संकेत पनि गरे ।

नयाँ सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा बनेको ७ सदस्यीय छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गरी दोषीलाई कारवाही गर्ने वा नगर्ने भविष्यकै गर्भमा छ ।

संविधानमा आफ्ना मुद्दा सम्बोधन नभएको भन्दै मधेशकेन्द्रित दलहरूले थालेको आन्दोलनका क्रममा भएका घटनाको छानविन गर्न सरकारले आयोग बनाएको थियो ।

आयोगले सरकारलाई प्रतिवेदनमा शहीद घोषणा गर्न बाँकी ४ जनालाई पनि तत्काल सहिद घोषणा गर्न सुझाव दिएको छ ।

प्रतिवेदनमा मधेश आन्दोलनको क्रममा ६६ जनाको ज्यान गएको र त्यसमध्ये ४ जनालाई अझै शहीद घोषणा गर्न बाँकी रहेको उल्लेख गरिएको छ ।

आयोगले मधेश आन्दोलनका पीडितले दिएको तीन हजार दुई सय ६४ वटा निवेदनलाई समेत ध्यानमा राखेर मधेश आन्दोलनको घटनाबारे सत्यतथ्य छानबिन गरेको हो ।

७ सय ९ पृष्ठ लामो प्रतिवेदनमा मधेश आन्दोलनका क्रममा १० जना सुरक्षाकर्मीको समेत ज्यान गएको उल्लेख गरिएको छ । आयोगका अध्यक्ष लालले प्रतिवदेनमा मधेश आन्दोलनका कारण र समाधान गर्ने उपायको खोजीसमेत गरिएको दाबी गरे ।

सरकारको हातमा प्रतिवेदन पुगे पनि त्यो सार्वजनिक गर्ने तयारी देखिएको छैन । प्रतिवेदनले भनेका सुझाव काम चलाउ सरकारले लागू गर्न नसक्ला तर यसलाई सार्वजनिक नगरिनु रहस्यमय छ ।

मधेश आन्दोलनबाट पीडितहरूसँग यो थाहा पाउने अधिकार छ । सरकारले यो प्रतिवेदन तत्काल सार्वजनिक गरी पीडितहरूका लागि विशेष प्रकारको योजना ल्याउनु पर्छ ।

मधेशमा संविधान निर्माण अघिपछि भएका आन्दोलनमा व्यापक मानवअधिकार उल्लंघन र ज्यादती भएको थियो । नेपाल र सशस्त्र प्रहरीबाट अत्यधिक बलको प्रयोग गरी हत्या, यातना र अमानवीय व्यवहार मानवअधिकार हनन्का घटना भए भने आन्दोलन गर्ने पक्षले पनि सुरक्षाकर्मीको नृसंस हत्या, आगजनी, तोडफोडका प्रशस्तै घटना भएको छ ।

मधेशको आन्दोलनमा भएको मानव अधिकारको विषय र राजनीतिक विषयलाई एउटै टोकरीमा राखेर हेर्दा समस्या सुल्झिनुको साटो झन् बल्झिन्छ । राजनीति र मानव अधिकार एक अर्काका समानान्तर हुन् तर दुवै एकै होइनन् । त्यसैले मानव अधिकार हनन्को विषय कुनै पनि अर्थमा राजनीतिक विषयमात्र हुन सक्तैन, बरू यो कानुनी विषय हो । मानव अधिकारका लागि राजनीति हो, राजनीतिका लागि मानव अधिकार होइन । कुनै व्यक्ति वा पार्टीको राजनीतिका लागि त कुरै छाडौं, देशकै राजनीतिका लागि पनि निर्दोषको मानव अधिकारको बलिदानी हुन सक्तैन ।



प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउँदै उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष गिरीशचन्द्र लाल ।

### प्रतिवेदन सार्वजनिक गर्न ह्युमन राइट्स र थर्ड एलायन्सको माग

काठमाडौं । अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था 'ह्युमन राइट्स वाच'ले मधेश आन्दोलनका क्रममा भएका घटनाहरूको छानविन गर्न बनेको आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेको छ । पूर्वन्यायाधीश गिरिशचन्द्र लाल संयोजक रहेको आयोगले सरकारलाई प्रतिवेदन बुझाए पनि त्यो प्रतिवेदन सार्वजनिक भएको छैन । ह्युमन राइट्स वाचका एसिया निर्देशक ब्राड एडम्सले 'प्रधानमन्त्री देउवाले रिपोर्ट सार्वजनिक गर्नुपर्ने र पीडितलाई सम्बोधन गर्ने योजना ल्याउनुपर्ने बताइन् । साथै आउने सरकारसँग मिलेर त्यो योजनालाई प्रभावकारी बनाउनुपर्ने उनको जोड छ ।

यसैबीच, तराई मानव अधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स)ले पनि विज्ञप्ति जारी गरी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदनलाई सार्वजनिक गर्न सरकारसँग आग्रह गरेको छ । 'नेपालले यस्ता आयोगहरूको प्रतिवेदनलाई सार्वजनिक नगर्ने कुरामा ऐतिहासिक रेकर्ड कायम गरेको छ र अधिकांश प्रतिवेदनहरूमा सिफारिश गरिएको कुराहरूको प्रभावकारी कार्यान्वयन गरेको छैन ।' थर्ड एलायन्सको विज्ञप्तिमा उल्लेख छ । यी कुराहरूलाई विचार गरेर थर्ड एलायन्सले सरकार तथा अन्तर्राष्ट्रिय समुदायलाई लाल आयोगको प्रतिवेदनलाई सार्वजनिक गर्न तथा त्यसका सिफारिशहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जोड दिएको छ । मधेश आन्दोलको क्रममा सुरक्षाकर्मीद्वारा मारिएका व्यक्तिका परिवारहरू अझै पनि न्यायको प्रतीक्षामा नै रहेका छन् । मधेश आन्दोलनको क्रममा राज्य दमनको लागि जिम्मेबार कुनै पनि व्यक्तिहरूलाई कुनै पनि कारवाही गरिएको छैन ।

**सरकारी रवैया**

नेपालमा हरेक घटनापछि त्यसको अध्ययन, छानविन र रोकथामको उपाय पत्ता लगाउन आयोग गठन गर्ने पुरानो चलन छ । तर यस्ता आयोगले दिने प्रतिवेदन कार्यान्यवन गर्न सरकारी उदासिनता यसरी झाँगिएको छ कि त्यस्ता प्रतिवेदनहरू रद्दीको टोकरीमा फालिन्छ । यस्ता अनेकौं उदाहरणहरू छन् र ती कुनै पनि रिपोर्टको समयानुकुल अध्ययन नगरी जस्ताको तस्तै दराज भित्र थन्काइन्छ ।

सरकारले आयोग बनाएर विषयलाई विषयान्तर गर्न मात्र खोजेको देखिन्छ ।

संविधान जारी हुनु अघि र पछि भएका मधेश आन्दोलनका क्रममा राज्य र प्रदर्शनकारीका तर्फबाट जनधनको क्षति हुनुका साथै थुप्रै भौतिक सम्पति नोक्सान भएको थियो ।

मुलुकको राजनीतिक इतिहासमा विभिन्न समयमा अनेक नाम र रूपमा मधेश आन्दोलन भएपनि २०६३ साल माघ ५ मा सिरहाको लहानमा भएको आन्दोलनको क्रममा गोली लागी रमेश महतोको निधनपछि नयाँ शिराबाट मधेश आन्दोलन शुरू भएको मानिन्छ । जुन मधेश आन्दोलन सम्भवत: स्थानीय तहको निर्वाचन पछि टुंगिएको छ ।

खासमा मधेश आन्दोलनले मधेशी जनताको पहिचानलाई देशव्यापी रूपमा परिचय गराउनुका साथै मधेशी जनतालाई अहिलेसम्म हकअधिकारबाट वञ्चित गरिएको कुराको सार्वजनिक भएको छ । मधेशका लागि समावेशिताको सिद्धान्त र मुलुकका लागि संघीयताको आवश्यकता संवैधानिक रूपमै स्वीकार गर्नु मधेश आन्दोलनकै प्रतिफल हो । मधेश आन्दोलनसँगै मधेशी जनतामा अभूतपूर्व जागृति आउनुका साथै नेपाली राष्ट्रियतालाई नयाँ रूपमा परिभाषित गर्नुपर्ने आवश्यकता सर्वत्र महसुस गर्न थालिएको छ ।

मधेश आन्दोलनले मधेशी जनतालाई कम समयमा नै धेरै चेतनशील र जागृत बनाएको छ । आज मधेशी जनता यहाँसम्मको चेतनशील भएको छ कि त्यसको चेतनालाई अब दुनियाको कुनै पनि शासकको बुलेटले दबाउन सक्दैन । वास्तवमा यसलाई नै अहिलेसम्मको सबभन्दा महत्वपूर्ण उपलब्धी मान्नुपर्छ ।

शान्तिपूर्ण रूपमा आन्दोलन गर्न पाउने नागरिकको अधिकार हुँदा हुँदै पनि आन्दोलनलाई सरकारले दमन गरेको निष्कर्ष मधेशी दलहरूको छ । पहिचान र अस्तित्वका लागि भएको आन्दोलनलाई सरकारले संवेदनशील भई सम्बोधन गर्नुपर्छ । विकासको तीव्र गतीलाई समात्नुपर्ने समयमा विनाशतर्फ धकेलिनु दुर्भाग्यपूर्ण हो ।

## मधेश मुद्दामा सहयोग गर्ने शक्तिसँग सहकार्य हुने महतोको संकेत



जनकपुर । राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले मधेशको मुद्दामा सहयोग गर्ने शक्तिसँग सहकार्य हुन सक्ने संकेत गरेका छन् । जनकपुरमा सञ्चारकमीसँग कुरा गर्दै नेता महतोले मधेशीको सरोकारलाई सम्बोधन गर्न र विकासका परियोजनाहरू शुरू गर्न मधेशी जनताले आफनो पार्टीलाई मतदान गरेर जनादेश दिएको बताए । 'हामीले मधेशको मुद्दाको आधारमा संसदमा विरोध वा समर्थन गर्छौं । मधेशको मुख्य सरोकारको विषय संविधान संशोधनमार्फत जनताको अधिकार सुनिश्तित गर्नु हो,'महतोले भने । आफूहरूको सरकारमा जानुभन्दा मधेशको मुद्दा सम्बोधन गर्नु प्रमुख विषय भएको स्पष्ट पार्दै उनले अन्य शक्तिहरूले पनि मधेशको जनादेशलाई सम्मान गर्नु पर्नेमा जोड दिए । राष्ट्रियसभाको गठन एकल संक्रमणीय मतका आधारमा हुनु पर्ने उल्लेख गर्दै उनले राष्ट्रपतिले सरकारले पठाएको राष्ट्रियसभासम्बन्धी विधेयकलाई तत्काल अनुमोदन गर्नुपर्ने बताए । सरकारले पठाएको विधेयक फिर्ता गर्ने कुनै अधिकार राष्ट्रपतिलाई नभएको पनि उनले बताए । नेता महतोले राजपा र संघीय समाजवादी फोरमसहितको मधेशी गठबन्धनले प्रदेश २ मा प्रादेशिक सरकार बनाउने दाबी गरे । तर सरकार बनाउने विषयमा अहिले कुनै छलफल नभएको जनाउँदै महतोले दुवै मधेशी पार्टीबीच एकीकरण गर्ने दबाब पनि आएको उल्लेख गरे ।

## मधेशबाट राष्ट्रियसभामा को ?

काठमाडौं । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मत परिणाम आइसके पनि माथिल्लो संसद् राष्ट्रियसभा गठनका लागि अझै केही समय लाग्ने देखिएको छ ।

राष्ट्रियसभाको निर्वाचन प्रक्रियाबारे प्रमुख दलहरूबीच मतान्तरका कारण त्यससम्बन्धी अध्यादेश जारी गर्न ढिलाइ हुँदा नयाँ सरकार गठन प्रक्रियाका साथै राष्ट्रियसभा गठनमा ढिलाइ भएको हो । ढिलो वा चाँडो राष्ट्रियसभा गठन त हुने नै छ तर त्यसमा कसलाई पठाउने भन्ने बारे आम बहस सुरू भएको छैन ।

संविधानको भाग ८ मा संघीय व्यवस्थापिका-संसद् गठनबारे उल्लेख छ । धारा ८३ अनुसार २७५ सदस्यीय प्रतिनिधिसभा र धारा ८६ अनुसार ५९ सदस्यीय माथिल्लो संसद् राष्ट्रियसभा गठन हुनेछ । समानुपातिकतर्फ तीन प्रतिशत मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार राष्ट्रियसभामा निर्वाचित हुने व्यवस्था छ । यस प्रावधानले तीन प्रतिशत मत प्राप्त नभएमा समानुपातिक सदस्य हुन नपाइने भएको छ ।

हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा समानुपातिक तर्फ मधेशी दलहरूले थ्रेसहोल्ड कटाएर तीन प्रतिशतभन्दा बढी मत ल्याएकाले राष्ट्रियसभामा उनीहरूको प्रतिनिधित्व निश्चित भएको छ ।

दुई मधेशी दल राजपा नेपाल र संघीय समाजवादी फोरमले राष्ट्रियसभामा कसलाई पठाउने भन्ने आम चासोको विषय बनेको छ ।

प्रतिनिधिसभा जस्तै भ्रष्टाचार, नैतिक पतनलगायतका अभियोग लागेकाहरू पनि राष्ट्रियसभा जान नपाउने भएकाले मधेशको हितमा काम गरेका, मधेश आन्दोलन हाँकेका, मधेशका लागि बलिदान दिएकाहरूका परिवार, मधेशका शहीद परिवार तथा मधेशका बुद्धिजीविलाई बिना कुनै राजनीतिक आस्थाले पठाउनु पर्ने जरूरी छ । कारण, मधेशी दलरूले राष्ट्रियसभामा पनि आफ्नो प्रतिनिधित्व नखोज्ने र मधेशका लागि संघर्ष गरेकाहरूलाई पनि समुचित स्थान नदिने हो भने मधेश आन्दोलनको लागि यो घातक कदम हुनेछ ।

## मधेशमा राष्ट्रिय दलको समानुपातिक मत

**प्रतिनिधिसभा**

| | |
|---|---|
| नेपाली कांग्रेस | १५६९५९३ |
| नेकपा एमाले | १४००४९७ |
| माओवादी केन्द्र | ६०२७२९ |
| राजपा नेपाल | ४६८५४५ |
| संघीय फोरम | ४४२७३३ |

**प्रदेशसभा**

| | |
|---|---|
| नेपाली कांग्रेस | १४२५८४८ |
| नेकपा एमाले | १२९१४८५ |
| माओवादी केन्द्र | २९८२३६ |
| राजपा नेपाल | ४२९१४१ |
| संघीय फोरम | ४१८९९७ |

विस्तृत पृष्ठ ४ मा



मधेशी जनताको चाहना मतबाट अभिव्यक्त भएको छ : प्रा.डा. लोकराज बराल



मधेश र मधेशी चाहिन्छ भने संविधान संशोधन आवश्यक : लक्ष्मणलाल कर्ण

अन्तर्वार्ता पृष्ठ ३ मा

**समय-सन्दर्भ**

संगीता रेग्मी



## सामाजिक सद्भाव कायम गर्दै मधेश-पहाड

**अब हामीले मधेश र पहाडको बीचमा दूरी बढाएर होइन, घटाएर देशलाई समृद्ध बनाउने दिशामा अगाडि बढ्नुपर्छ । द्वन्द्व र दूरीले कसैलाई हित गर्दैन ।**

काभ्रेकी विपना पन्तले तीन वर्ष पहिले मंसिरमा जनकपुरकी महेश कर्णसँग वैवाहिक सम्बन्ध कायम गरिन् । काठमाडौंमा बसेर अध्ययन गरिरहेकी विपना र महेश दिनकै कलेजमा हुने भेटघाटको क्रममा नजिकिए र अन्त्यमा विवाह गर्ने मनसायमा पुगे । काठमाडौं बसेर पढिरहेकी छोरीले कुनै मधेशी मूलका केटालाई मन पराएको र उहीसँग विवाह गर्ने निर्णयमा पुगेको खबरले विपनाको परिवारमा आक्रोश र भय देखियो । कुनै हालतमा यो विवाह हुनै सक्दैन अडान लिएर बसेका विपनाको बुबाआमाको कुनै सीप नलागेपछि अन्तत: विपनाको विवाह महेशसँग नै भयो । यस्ता फरक जात र समुदायबीच विवाहबारी भएर सुखद दाम्पत्य जीवन बिताइरहेकाहरूको सफल उदाहरणले हाम्रो समाजमा जातीयताका कुरा गौण बन्दै गएको प्रस्ट हुन्छ । विवाहपश्चात् दुई भिन्न संस्कृतिका परिवारबीचको सम्बन्ध भने अनौठो ढंगले सकारात्मक रूपमा विकास भएको पाइन्छ । विपना र महेश त एउटा प्रतिनिधि पात्र मात्र हुन् यस्ता धेरै पात्रहरू छन् जसले भौगोलिक फरकपनाको कारणले समस्या भोग्दै आएका छन् ।

२०६२/६३ सालको जनआन्दोलन र मधेश आन्दोलनपछि पहिचान र अधिकारका नाममा विभिन्न जातीय र क्षेत्रीय आन्दोलनहरू भए । मधेशका नाममा हुने गरेको राजनीति र पहिचानको नाराभित्र मधेश र पहाडलाई अलग बनाउने षड्यन्त्र रहेको भन्नेहरू प्रशस्तै छन् । यसो भन्नेहरूले सत्यको अर्को पाटोलाई भने बिर्सिएझैं लाग्छ । किनकि मधेश र पहाडबीचमा राजनीति भन्दा बलियो सामाजिक सम्बन्धहरू छन् । वैवाहिक सम्बन्धमार्फत विकास हुँदै गरेको यो सम्बन्धलाई नयाँ पीढीहरू झनै अगाडि बढाएका छन् ।

गत वर्षसम्पन्न पूर्वराष्ट्रपति डा. रामवरण यादवको परिवार र वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको परिवारबीच सम्पन्न वैवाहिक सम्बन्ध पनि यस्तै सामाजिक परिघटनाको गतिलो उदाहरण हो । पूर्व राष्ट्रपति डा. यादवका नाति इञ्जिनियर अभिषेक यादव र वर्तमान राष्ट्रपति भण्डारीकी छोरी डा. निशाकुसुम भण्डारीबीचको वैवाहिक सम्बन्धले मधेश र पहाड अलग होइन, एक हो भन्ने सन्देश प्रवाह गरेको छ ।

दुई अलग समुदाय (मधेशी-पहाडी) बीच बढ्दै गएको राजनीतिक अविश्वास र आरोप-प्रत्यारोपले हाम्रो सम्बन्ध त्यति कमजोर छैन भन्ने सन्देश पनि यस्ता परिघटनाले दिएको छ ।

यति मात्र होइन, राजा-महाराजको पालामा पनि मधेशी र पहाडी समुदायबीच वैवाहिक सम्बन्ध हुने गरेको चर्चा इतिहासमा पनि पाइन्छ ।

हुन त मधेशी र पहाडी समुदायबीचको यो विवाह नै पहिलो भने होइन । राजनीतिमा स्थापित महत्वपूर्ण हस्तिहरूले वैवाहिक सम्बन्धमार्फत मधेश र पहाडबीच साइनो गाँसेका छन् । राजनीतिमा मात्र होइन, सामाजका अन्य क्षेत्रमा स्थापित भएका यस्ता महत्वपूर्ण व्यक्तित्वहरू छन्, जसले आफू मधेशी भए पहाडी र पहाडी भए मधेशीसँग विवाह गरेका छन् । उनीहरूको दाम्पत्य जीवन सुखमय र खुशीसाथ बितिरहेको छ । यसले समाजलाई जोड्दै लगेको छ । मधेश र पहाड अलग होइन भन्ने सन्देश पनि प्रवाह भएको छ । यस्तो वैवाहिक सम्बन्धलाई जति धेरै बढाउन सकिन्छ, त्यति नै दुई समुदायबीचको नकारात्मक भावनालाई अन्त्य गर्न सहयोग पुग्छ ।

भन्निछ, आत्मीयता र मानवतालाई क्षेत्रीयताले छेक्न सक्दैन । नेपालको भूगोलभित्र बस्ने सबै नेपाली भएपनि त्यसभित्र थुप्रै समुदाय एवम् जातजातिहरू रहेका छन् । त्यसभित्र पनि निश्चित भुगोलभित्र बस्दै आएकाहरूले आफुलाई त्यो भुगोलको प्रतिनिधिपात्र मान्छन् । पछिल्लो समयमा बढ्दो सहरीकरण, सामाजिक सञ्जालको व्यापक प्रयोग र 'ग्लोबलाइजेसन'को प्रभावले 'मिक्स सोसाइटी'को अवधारणा बढ्दै गएको छ । आफ्नो जातीय एवम् सामुदायिक पहिचानभन्दा माथि उठेर समाजमा मिलेर बस्नुपर्छ भन्ने भावनाको विकास हुन थालेको छ । विगत लामो समयदेखि मधेश र पहाडका विषयमा विभिन्न सवालहरू उठ्दै आएको भएपनि २०६२/६३ को मधेश आन्दोलनपछि मधेशका मुद्दाहरू सतहमा आउन थाले र मधेशसँग भएका विभेदका विषयले स्थान पाउन थाले ।

भौगोलिक सुगमता भएर पनि विकास निर्माणमा पछाडि पर्नु शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाई लगायतका राज्यले दिने सुविधामा मधेश सधैं पछाडि नै रह्यो र मधेशलाई राज्यले सधैं हेपिरह्यो

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# मधेशको चिसोमा राजनीति नगर

मधेशमा शीतलहरको प्रकोप सुरू भएको छ । चिसोले मधेशको जनजीवन प्रभावित भएको छ । लगाउने र ओढ्ने ओछ्याउने लुगाको अभावमा चिसोकै कारण कुनै मधेशीको मृत्यु हुनु दुःखदायी विषय हो । शीतलहरको प्रकोपबाट नागरिकको जीउको सुरक्षा गर्नु राज्यको दायित्व हो । सरकार यस्तो गम्भीर मानवीय सवालमा उदासीन बन्न मिल्दैन । सरकारले अबिलम्ब चिसोले कठाङ्ग्रिएर जीवन गुमाउनेको पीडा महशुस गरी राहत उपलब्ध गराउनुपर्छ । सिंहदरबार नागरिकको दुःख कष्टप्रति गैरजिम्मेवार हुन मिल्दैन ।

सरकारलाई मधेशमा शीतलहरले उत्पन्न गरेको मानवीय पीडा र क्षतिले अझै छुन सकेको छैन । मधेशका नागरिकप्रति सरकार संवेदनशील बनिदिएको छनक कहिले पनि देखिदैन ।

अझ प्रकोप व्यवस्थापनको जिम्मेवारी बोकेको गृह मन्त्रालय बेखबर जस्तो देखिन्छ । मधेश र मधेशी नागरिकको अधिकारको पक्षमा बोल्ने मधेशी दल पनि चुनाव जितेर उन्मादमा छ, उनीहरूलाई पनि मधेशीजनले भोगिरहेको पीडाको अनुभव भइरहेको छैन ।

> हरेक वर्ष जाडोको मौसममा यो क्रम दोहोरिने गरे पनि सरकार र सम्बद्ध क्षेत्रका कथित जनप्रतिनिधिहरूले जाडोले कठ्यांग्रिएर मर्नुपर्ने नियति टार्न कुनै चासो राखेको देखिंदैन ।

सामान्य ओढ्ने ओछ्याउनेको अभावका कारण ज्यान जोखिममा परेका नागरिकलाई तत्काल राहत पुर्‍याउनु आवश्यक छ । मधेशमा वर्षेनी शीतलहर चल्छ र सयौं मानिसले ज्यान गुमाउने गर्छन् । आखिर चिसोले चेप्ने भनेकै गरिब, असहाय, बालबालिका तथा बृद्धबृद्धालाई हो । आर्थिक र शारिरीक हिसाबले कमजोरलाई नै चिसोले सताउँछ । चिसोकै कारण विरामी हुने र बिरामीको मृत्यु हुने अवस्था आउँछ । यो संवदनशील समस्याप्रति उदासीन हुनु भनेको ठूलो जनसंख्यालाई उपेक्षा गर्नु हो । शीतलहरबाट थप क्षति हुन नदिन सरकारले उपयुक्त नीति बनाएर अविलम्ब कार्यान्वयन गर्नु पर्दछ ।

मुलुकमा आवाजहीन जनताको आवाज सुन्ने र सीमान्त गरिब जनतालाई राहत उपलब्ध गराउने प्रकृतिको जवाफदेही सरकार र जनताको दुःख-दर्दलाई अनुभूत गरेर त्यसलाई सम्बोधन गर्न पहल गर्ने जनउत्तरदायी राजनीतिक दलहरूको अभाव रहेकाले पीडादायी यस्ता खबरहरू नियमित आकस्मिकताकै रूपमा आउने गरेका छन् । हरेक वर्ष जाडोको मौसममा यो क्रम दोहोरिने गरे पनि सरकार र सम्बद्ध क्षेत्रका कथित जनप्रतिनिधिहरूले जाडोले कठ्यांग्रिएर मर्नुपर्ने नियति टार्न कुनै चासो राखेको देखिंदैन ।

मधेशलाई आधारभूमि बनाएर राजनीति गर्ने दलहरूका नेताहरूले क्षेत्रीय नारा लगाएर अत्यधिक अधिकार उपभोगको लालशा राख्दै आएका भए पनि उनीहरूलाई मधेश दुःख्ने गरेको छैन । शीतलहरको पीडा भोगिरहेका आवाजहीन जनताको समस्या मधेशी नेताहरूको चासोको विषय नै होइन । त्यसैले कुनै पनि मधेशी नेताले अहिलेसम्म यो विषयमा बोलेको सुनिएको छैन ।

## साताको सात बात



अबको केही बर्षमा रसुवागढी नाकाबाट रेलको बाटो निर्माण सुरू हुन्छ । रसुवागढी-काठमाडौं, पोखरा-लुम्बिनीसम्म जोडिने रेलमार्ग जतिसक्दो छिटो निर्माण गरिन्छ । रसुवागढी भन्सारलाई स्तरोन्नति गरी मानसरोवार जाने पर्यटक यही नाका हुँदै जाने व्यवस्था मिलाइन्छ । **केपी ओली, अध्यक्ष, नेकपा एमाले**



'एकै पटक दुई चरणको निर्वाचन संसारमा कतै भएका छैनन्, नेपालमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन संसारकै नमूना हो' निर्वाचित जनप्रतिनिधीहरूको अबको काम नागरिकको सुरक्षा र विकासको आशालाई अघि बढाउने हो । **अयोधीप्रसाद यादव, प्रमुख निर्वाचन आयुक्त**



'प्रदेश २ मा मधेशवादी दलको बहुमत पुगेको छ । जनताको म्याण्डेट अनुसार काम गरेर देखाउनुपर्ने चुनौति पनि आएको छ । 'प्रदेशको राजधानी जनकपुर हुन्छ, अरू कुरामा प्रदेशसभाको दुई तिहाईले निर्णय गर्नेछ । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



मधेशी जनताको अधिकार सुनिश्चित भइसकेको छैन । संविधानमा भएका अधुरा कुरालाई संशोधन गरेर पूरा गराउनुपर्छ । मधेश हाम्रो आधार हो । मधेशको माग पूरा नभएसम्म नेपालमा एकता हुन सक्दैन । संविधान संशोधन भएन भने तेस्रो आन्दोलन सुरू हुन्छ । **महेन्द्र राय यादव, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



प्रदेश नम्बर २ मा मधेशी दल जित्नुमा अन्य कारण पनि होलान् । तर, मधेशी जनताले मधेशी मोर्चालाई अनुमोदन गरेकै हो । तिनीहरूको एजेण्डालाई अनुमोदन गरेकै हो । अबको दिनमा बाम गठबन्धनले कांग्रेस र मधेशलाई विश्वासमा लिएर अगाडि जानुपर्छ । **वर्षमान पुन, नेता, माओवादी केन्द्र**



हिमाल, पहाड र मधेश सबैको संविधानमा अपनत्व होस् भन्ने हाम्रो प्रयास जारी नै छ । देशलाई शान्ति र स्थिरतातर्फ लैजाने, संविधानमा मधेशी, जनजाति लगायतले स्वामित्व ग्रहण गर्नेसक्ने बनाउनका लागि हामी संघर्षको बाटोमा अघि बढछौं । मधेश शान्त नभई देश समृद्ध हुन सक्दैन । **राजकिशोर यादव, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल नेपालमा**



नेपालमा जुनसुकै सरकार बने पनि भारतले सम्बन्ध राख्नुपर्छ । दुई देशबीचको सम्बन्ध आपसी हितमा आधारित छ । व्यापार, आर्थिक हितलगायतमा हाम्रो सम्बन्धको सञ्जाल निकै विशाल छ । त्यसैले मलाई यसमा कुनै शंका छैन । नेपाल र भारतले दुबैको लाभका लागि सँगै मिलेर काम गर्नेछन् । **रञ्जित राय, नेपालका लागि भारतीय पूर्वराजदूत**

*प्रस्तुती : संगीता रेग्मी*

# मधेश : राजनीतिक गन्तव्य र यथास्थितिवाद

## “खस” महिमा र मधेश आन्दोलन : भाग ३९३



❖ उपेन्द्र झा

हिमाल र पहाडको भौगोलिक विकटताले भरेको नेपाली भूभागमा अन्न उत्पादन क्षेत्र थपिने इच्छाले तत्कालीन सरकारले भारतको बढ्दो अँग्रेजी सरकारको प्रभाव अगाडि आत्मसमर्पण गरेका कारण तथा भारतमा इस्टइण्डिया कम्पनीको सरकार विरूद्ध उठेका विद्रोहहरूलाई सैन्यबलबाट दबाउन तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले अँग्रेजी सरकारलाई सघाएवापत पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मधेश भनिने तराईको समथर भूभाग कृषि उत्पादन गर्न प्रतिवर्ष रोयाल्टी तिर्ने गरी प्राप्त गरेको हो । दुई किस्तामा नेपालको उक्त भूभाग अन्न उत्पादनका लागि प्राप्त गरेको कुराबाट एउटा कुरा के प्रष्ट हुन्छ भने रोयाल्टी तिरेर भाडामा लिएको भूभाग माथि नेपालको स्वामित्व शताब्दियौंसम्म हुन सकेन । भाडामा पाएको भूभाग जसरी शासकवर्गका लागि आफ्नो हुन सकेन र मधेशका निवासीहरू पनि शताब्दियौं गुलाम सरहको जीवन बिताउन बाध्य भए । भावनात्मक रूपबाट मधेशलाई शासकवर्गले स्वीकार गर्न नसकेका कारण मधेश शताब्दियौंसम्म वञ्चितीकरणको शिकार भयो ।

मधेशको भूभाग माथि स्वामित्व जमाउन शासकवर्गले ठूलठूला जमिन्दार सामन्तहरूलाई मधेशमा बस्न लगायो । बिर्ताको नाममा ठूलठूला सामन्तहरू मधेशमाथि रा जगर्न तथा आफ्नै वर्गका हजारौं पहाडका बासिन्दालाई मधेशमा बस्न लगायो । राज्यबाट वञ्चित राखिएका मधेशका बासिन्दा विस्तारै यी जमिन्दारहरूको गुलाम भएर बस्न बाध्य बनाइए । राज्य संयन्त्रसँग दिनचर्याका लागि आवश्यक पर्ने कामहरूका लागि यही जमिन्दारलाई गुहार्नु पर्ने परिस्थितिमा लामो समय बस्नु पर्दा विस्तारै मधेशमा चाप्लुसी, चाकडी गर्ने प्रथाको सुरूवात भयो । शासकवर्गको चाकडी, चाप्लुसीको भरमा कतिपय मधेशीहरू उच्च ओहदामा पुगे । गुलामी र भक्तिका कारण मधेशीहरू हरेक क्षेत्रमा कर्मचारी, न्याय षेत्र, वकिल, न्यायाधीवक्ता तथा अन्य उच्च ओहदामा पुग्न सफल भएपछि यही सूत्र मधेशको संस्कार बन्यो । चाकडी संस्कारमा बसेको मधेशीलाई यही खस शासकवर्ग सत्ता प्राप्त गर्न राजतन्त्र र प्रजातन्त्र तथा राजतन्त्र र सर्वहाराको आधारभूत अन्तर्विरोधबारे जनचेतना फैलाउँदै संगठनको कडीमा बाँध्न थाले । नेपाली कांग्रेसले पहिला प्रजातन्त्रबारे प्रशिक्षण दिई रहँदा कम्युनिष्ट पनि तत्पश्चात् जन्मेर संगठन गर्ने क्रममा जनतामाझ सर्वहाराको सत्ता प्राप्त गर्न तथा यसको महत्वबारे प्रशिक्षण दिन थाले । मधेशी जनता केहीले नेपाली कांग्रेसलाई तथा धेरै जसोले कम्युनिष्टको सर्वहारा सत्तावादप्रति आकर्षित भए । शताब्दियौं चाकडीको संस्कारको क्रम भंग हुन थाल्यो । मधेशी जनताले तथाकथित प्रजातान्त्रिक आन्दोलन (२००७, २०३६, २०४२ तथा २०६२/६३) को भीषण आँधी बेहरीमा भाग लिएर उल्लेखनीय सहादत दिए तर मधेशको आवाज सम्बोधन भएन ।

राजनीतिक जनचेतनाको तीव्रतर वृद्धि भइरहेको मधेशी समाज अब अन्तर्विरोधका किसिमहरू, अन्तर्विरोध राखिने कारण तथा मधेशीको बढ्दो जनसंख्यालाई ध्यानमा राख्दै नियन्त्रण गर्ने समसामयिक मार्गचित्रहरूबारे तार्किक छलफल गर्न थाले । आफ्नो अधिकारबारे वकालत गर्न खस पार्टी त्याग गरेर आफ्नै पार्टी निर्माण गरी मधेशको आवाजलाई मुखरित गर्ने अठोत लिए । फलतः लोकतन्त्र र साम्यवादको बकम्फुसे परिभाषालाई विश्वास गर्न छाडेर मधेश आफ्नै बलबुतामा अधिकार लिने भनेर ०६३ माघमा विद्रोह गरेको हो ।

कम्युनिष्ट, कांग्रेसको नाउँमा अधिकार दिलाउने भनेर मधेशीलाई विभाजित गरी झुक्याउने खस शासकवर्गले दिएको जनचेतनाले आफ्नो वर्गशत्रुको पहिचान गर्न मधेश सफल भएको हो । मधेशको बढ्दो जनसंख्या र जनचेतनाबाट भयभीत शासकवर्ग मधेशलाई नियन्त्रण गर्न अनेक तिकडम्को आविष्कार गर्न थाले । समय सुहाउँदो तिकडम्कै एउटा रूप अहिलेको संघीय संरचना हो । मधेशले माग गरेको संघीय संरचना बमोजिम मधेशलाई छ टुक्रा गरी संघीय प्रणाली दिएर विश्वलाई लोकतान्त्रिक उदारवादको ठूलो नमूना देखाउन खस शासकवर्ग सफल भएको छ । मधेशले माग गरेको “समग्र मधेश एक प्रदेश” आफ्नो अस्तित्वसँग जोडिएकोले त्यो दिन रूचाएन तर मधेशलाई चार भागमा विभाजित गरिदिएको संघीयताबाट मधेशको यावत् समस्या समाधान हुन सकेनन् । यथार्थ भने छर्लङ्ग छ । यही हो “फुट डालो, शासन करो” को नयाँ आविष्कार ।

भोजपुरी, अवधि, मिथिला र कोचिलाबीच अन्तर्विरोध चर्काउने उद्देश्यले गरिएको प्रदेशको संरचना मधेशको विरोधका बाबजुद पाँच दर्जन मधेशीको ज्यान लिएर बन्दूकको बलमा लागू गरियो । मधेशका राजनीतिक दलहरू शासकवर्गको बल र पैसाको दोबाटोमा फँसेर अडानबाट स्खलित भए । शासकवर्गका लागि यो ठूलो उपलब्धि थियो । अहिले मधेश छ प्रदेशमा बाँडिएर बसेको छ । मधेशको समग्र एकता टुटेको छ । सबै प्रदेश आफ्नो नियन्त्रणमा राख्ने शासकवर्गको संघीय ढाँचा करिब करिब सफल नै देखिएको छ । मधेशको भावना पनि नव प्रदेशको शासन प्रणाली हेर्न उत्सुक रहेकोले बाँडिएको छ । आगामी दिनमा बाँडिएर भए पनि मधेशको हक अधिकार तथा समग्र विकासप्रति केन्द्र र प्रदेश सरकार कति चनाखो छ हेरेर बाटो तय गर्ने मधेशले आकांक्षा लिएको छ ।

राजतन्त्र, लोकतन्त्र र कम्युनिष्टको साम्यवाद सबै दर्शनको वकालत गर्ने खस शासकवर्गले मधेशलाई हेर्ने दृष्टिकोण एउटै राखेको छ । यसलाई मधेशले प्रष्ट रूपमा बुझेर आफ्नै राजनीतिक धरातलबाट विद्रोह गरेको हो । दुई फरक राष्ट्रियताबीचको चर्को अन्तर्विरोधलाई तत्काल आवाजविहीन बनाइए पनि यसको पुनश्चः शंखनाद हुनेमा किंचित शंका छैन । शासकवर्ग र मधेश आमने-सामने भएको अवस्थालाई मधेशले आफ्नो ठूलो उपलब्धि ठानेको छ । प्रमुख दुश्मनको रूपमा रहेको खस शासकवर्ग विभिन्न दर्शनको व्याख्या गर्दै रूप परिवर्तन गर्दै गएकोले मधेशले यसको छद्मभेषलाई सजिलैसँग पहिचान गर्न सक्ने क्षमता राख्दछ ।

फुटाएर शासन गर्ने रणनीति समय सापेक्ष परिष्कृत गरी लोकतान्त्रिक उदारवादको जामा लगाएर पस्किने प्रक्रियालाई पनि मधेशले राम्ररी बुझेको छ । मधेशलाई निस्तेज गर्ने रणनीतिमा नित्य नविन तिकडम्बाट मधेशका दलहरूलाई पथभ्रष्ट पारि मनोवांछित प्रादेशिक संरचना बनाएर संवैधानिक मान्यता दिलाउन जुन प्रयास गरियो, मधेश पछाडि परेको अवश्य हो तर मधेशले माग गरेको हक अधिकार सुशुप्तावस्थामा गएको मात्र हो, समाप्त भएको छैन । संघीय संरचनामा खस शासकको शासन शैलीमा नै पुनश्चः मधेश आन्दोलनलाई संगठित गर्ने कारण बन्न सक्छ ।

खस राष्ट्रियतालाई कथम्पि स्वीकार नगर्ने मधेशले पुनश्चः चाकडी संस्कारभित्र संगठित हुन जाँदैन । अहिले आन्दोलनको लगाम टुटिसकेको अवस्थामा पराजित मानसिकताको अन्योलग्रस्त परिस्थिति देखिए पनि राजयमाथि समग्र मधेशको प्रहार भने जीवितै छ । मधेशको बढ्दो जनसंख्या र पराक्रमले आफ्नो राष्ट्रिय स्थापना गर्न सतत् संघर्षशील रहने कुरा स्पष्ट छ ।

मधेशी जनता कम्युनिष्ट र कांग्रेस दुवै खेमामा लामो समय योगदान गरेर पनि भेदभावबाट मुक्त हुन सकेन । खस शासकबाट मधेशको मुक्ति सम्भव छैन भन्ने कुरा प्रायोगिक रूपमा सत्यापन भएकोले राजनीतिक कार्यदिशा छर्लङ्ग भएको छ । अहिले पराजित मानसिता भोगिरहेको मधेशका कतिपय अवसरवादीहरू नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रमा प्रवेश गरी चुनाव जितेर आएका छन् ।

मधेश विद्रोह पश्चात अवसरवादीहरू बढी क्रान्तिकारी बनेर पार्टी कब्जा गरे । मनोवांछित अवसर प्राप्त गरे । धन कमाए । मधेश आन्दोलनलाई बेचेर खाए । मधेशको मुक्ति आन्दोलनलाई गुमराह बनाए । पछि आफै भागेर खस शासकवर्गको शरणमा पुगे । यस्तो शर्मनाक दृश्य पनि हाम्रो सामु छ ।

> मधेश विद्रोह पश्चात अवसरवादीहरू बढी क्रान्तिकारी बनेर पार्टी कब्जा गरे । मनोवांछित अवसर प्राप्त गरे । धन कमाए । मधेश आन्दोलनलाई बेचेर खाए । मधेशको मुक्ति आन्दोलनलाई गुमराह बनाए । पछि आफै भागेर खस शासकवर्गको शरणमा पुगे । यस्तो शर्मनाक दृश्य पनि हाम्रो सामु छ ।

तर राष्ट्रियस्तरमा रहेको मधेशको अन्तर्विरोधमा किंचित परिवर्तन देखिएको छैन । राज्यको पुरानो संरचनालाई ध्वस्त पारि मधेशले आफ्नो राष्ट्रियता स्थापना गर्ने मूल गन्तव्य कायम छ । भावनात्मक रूपमा चार प्रदेशमा विभाजित गरेको मधेशीलाई मधेशी राष्ट्रियता स्थापना गर्न समान दृष्टिकोण रहेको छ । यसमा कुनै शंका छैन ।

तसर्थ, मधेश आन्दोलनलाई गुमराह पार्ने मधेशका यथास्थितिवादी चरित्रको पहिचान गरी गन्तव्यको बाटोबाट विस्थापन गर्ने लक्ष्य तय गर्नै पर्दछ । अवसरवादी प्रवृत्तिलाई परास्त नगरून्जेल मधेश आन्दोलन गन्तव्यमा पुग्न सक्दैन भन्ने कुरा यो दशकको राजनीतिक अभ्यासले देखाइसकेको छ । आन्दोलनकारीहरूले प्रधान अन्तर्विरोधलाई बिर्सनु हुँदैन । आगामी दिन पनि विषम्ताले भरिएको हुने सम्भावना देखिएकोले मधेश आन्दोलनको औचित्य त्यसै साबित हुने प्रष्ट छ ।

*क्रमशः*

janukjha24@gmail.com

# मृतक परिवारलाई एक लाख र घाइतेलाई ५० हजार

वीरगन्ज । प्रतिनिधिसभामा पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद प्रदीप यादवले सुपर ग्यास उद्योगमा बुधबार भएको भीषण आगलागीको घटनाप्रति दुःख व्यक्त गरेका छन् । भारतको पटना विश्व विद्यालयको कार्यक्रममा सरिक हुन बुधबार पटनामै रहेका संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष समेत रहेका सांसद यादवले आगलागीको घटनाले आफू दुखी भएको जानकारी दिँदै मृतकहरूको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना समेत व्यक्त गरेका छन् ।

उनले घटनामा ज्यान गुमाएकाहरूको परिवारलाई जनही एक एक लाख र घाईतेहरूको उपचारका लागि जनही ५०/५० हजार रूपैया सहयोग गर्ने घोषणा समेत गरेका छन् । घटनाको बारेमा जानकारी पाए लगत्तै आफूले आगो नियन्त्रणका लागि विहार सरकारसँग समन्वय गरी रक्सौलको भारतीय आयल निगमसँग रहेको



आगलागीमा परी जलेर घाइते भएका कर्मचारी

## वीरगन्ज घटना

वारूणयन्त्र आगलागी नियन्त्रणका लागि पठाउने पहल गरेको उनले बताए ।

घटनाको बारेमा बुधबार बिहानैदेखि पर्साका प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकसँग बारम्बार सम्पर्कमा रहेर घटनाको बारेमा जानकारी लिएको पनि उनले बताए । उनले दुखद घटनाको विषयमा सत्यतथ्य छनविन गर्नका लागि उच्च स्तरीय छानविन टोली गठन गर्नुपर्ने माग गर्दै दोषी देखिए दोषी माथि कडा भन्दा कडा कारवाही हुनुपर्ने माग समेत गरेका छन् । यसका साथै मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेहरूको सम्पूर्ण उपचार खर्च व्यवहोर्न सरकारसँग माग पनि गरेका छन् ।

उद्योगमा भएको आगलागी नियन्त्रणका लागि भारतको बिहार सरकारसँग समन्वय गर्ने क्रममा आफूसंगै पटनामा रहेका रौतहटका सांसद अनिल झा र वरिष्ठ पत्रकार चन्द्र किशोरले पनि निक्कै सहयोग गरेको सांसद यादवले बताए ।

अति संवेदनशील रहेको ग्यास उद्योग र प्लान्टहरू मानव वस्तीबाट टाढाको ठाँउमा स्थानान्तरण गर्न पनि उनले नेपाल सरकारसँग माग गरेका छन् ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# मधेशी जनताको चाहना मतबाट अभिव्यक्त भएको छ



प्रा.डा.लोकराज बराल
राजनीतिक विश्लेषक

मधेशी जनताले एउटा म्यान्डेट दिएका छन्। जनताको चाहना के रहेको छ भन्ने कुरा मतबाट अभिव्यक्त भयो। तर, संसद् र सरकारमा वर्चस्व हुनेले यो कुरा बुझ्नेन भने त फेरि केही हुँदैन। एमालेले फेरि पहिला जस्तो भन्न थाल्यो भने संविधान संशोधन हुँदैन।

**○ प्रतिनिधिसभा र प्रदेशसभाको चुनावबाट आएको परिणामलाई कुन रूपमा लिनुभएको छ ?**

– यो कुनै अप्रत्याशित वा आश नै नगरेको परिणाम होइन। यस्तो किसिमको परिणाम आउन सक्छ भन्ने अनुमान थियो। स्थानीय तहको चुनावको परिणाम र त्यसपछि वामगठबन्धन बनेपछि उसले सबैभन्दा बढी सिट ल्याउन सक्छ भन्ने अनुमान थियो। अर्को कुरा एउटै पार्टी धेरै दिनसम्म सत्ता सञ्चालनमा बस्यो। हुन त बीच बीचमा अरू पनि दलहरू कहिले काहीँ आए। तर, सत्ताको सञ्चालनमा प्राय: नेपाली कांग्रेस नै रहेको थियो। अर्को नयाँ गठबन्धनले देशमा स्थायित्व आउनुका साथै विकास हुन्छ भन्ने कुरा जनतालाई लाग्यो। कति सरकार मात्र परिवर्तन गरिरहने, देशमा स्थिर सरकारको आवश्यकता छ भन्ने कुरा पनि जनमानसमा पर्‍यो। यी सबै कारणले वामगठबन्धनले यस्तो परिणाम ल्याएको हुनुपर्छ।

**○ भनेपछि जनताले स्थायित्व रूचाएका हुन् कि वाम गठबन्धनलाई नै जिताउनुपर्छ भनेर मत दिएका हुन् ?**

– नेपाली जनताले वाम, यो र त्यो भनेर सोचेको जस्तो लाग्दैन। उनीहरूले वाम गठबन्धनले देशका लागि केही गर्छ कि भनेर मत दिएका हुन्। केहीले भने वामगठबन्धन भनेर पनि मत दिएका होलान्। तर, धेरै जसो मानिसले मुद्दाहरू जस्तै, स्थायित्व, गरिबी निवारण, विकास, राहत, काम, रोजगारलगायत विषयलाई ध्यानमा राखेर मत दिएका छन्। यी विषयमा वामगठबन्धनले ध्यान पुर्‍याउँछ भन्ने विश्वासमा जनताले मत दिएका हुन्। यसबीचमा नेपाली कांग्रेसमा एउटा समस्या देखियो। नेपाली कांग्रेसले वामगठबन्धनले एकाधिकारवाद ल्याउँछ, यसले अधिनायकवाद ल्याउँछ मात्र भन्ने काम गर्‍यो। तर, जनताले अधिनायकवाद भन्दा पनि तत्कालका समस्या समाधान गर्ने विषयमा बढी चासो राखे। उनीहरूले स्थायित्व, गरिबी निवारण, विकासलगायत विषयमा चासो राखे। अधिनायकवाद लगायत विषयमा जनताले सरोकार देखाएनन्। अधिनायकवाद शासन आउँछ, कम्युनिष्ट आउँछ, एउटा पार्टीको शासन चल्छ भन्ने कुरामा जनताले विश्वास गरेनन्। केही पढेलेखेकाले मात्र यो विषयमा सरोकार राखे। कांग्रेसले वाम गठबन्धनको विषयमा यो र त्यो हुन्छ भनेर भन्दै हिड्यो। यो अधिनायकवाद लगायत कुरा हामी सोच्नै सक्दैनौं।

**○ जनताले पत्याएनन् नेपाली कांग्रेसको कुरा ?**

– हो। जनताले नेपाली कांग्रेसको कुरा पत्याएनन्। जनतालाई चाहिने कुरा कांग्रेसले भन्न नै सकेन। उसले आफूले गरेका कामको वर्णन गर्न सक्थ्यो। कांग्रेसले विकासका धेरै काम गरेको छ नि। तर, भयो के भने कांग्रेसले आफूले गरेका कुरा नभनेर वामगठबन्धन आयो भने यो हुन्छ, त्यो हुन्छ भन्दै हिड्यो, जुन कुरा जनताले पत्याएनन्। देशमा धेरै परिवर्तन भइसकेको छ। जेजति काम भएको छ, नेपाली कांग्रेसले गरेको हो नि। तर, आफूले गरेका काम पनि भन्न नसक्ने, अब के के गर्ने त्यो पनि भन्न नसक्ने बरू अधिनायकवाद आउँछ भनेर कांग्रेसले वामगठबन्धनको आलोचना गर्दै हिड्यो। यो मुलुकमा अधिनायकवाद आउँछ भन्ने कुरा मलाई पनि पत्यार लाग्दैन। आए पनि भोलि फालिन्छ।

**○ स्थायित्वका लागि नेपाली कांग्रेस जनताको रोजाइमा किन परेन ?**

– नेपाली कांग्रेसले सधैं शासन गर्दै आएको छ। मानिसले परिवर्तन पनि खोज्छन्। नेतृत्व पनि त्यसअनुरूपको हुनु पर्‍यो। नेपाली कांग्रेसको त्यस्तो नेतृत्व पनि भएन। जनतासमक्ष आफ्नो कुरा पुर्‍याउन सक्ने नेतृत्व देखिएन। नेपाली कांग्रेसका नेताहरू आ-आफ्नै क्षेत्रमा सीमिति भए। कांग्रेसले मुद्दाहरू पनि उठान गर्न सकेन। ८०-८२ पृष्ठको घोषणापत्र कसले पढ्छ ? दुई चार पृष्ठमा बुँदागत रूपमा भन्न सक्नुपर्दथ्यो। यो नेतृत्वले काम गर्छ भन्ने कुरा जनतामा आश जगाउन सक्नु पर्दथ्यो। यी कामहरू नै गरिएन।

**○ वाम गठबन्धनको सरकारबाट के अपेक्षा गर्न सकिन्छ ?**

– वामगठबन्धनले सस्ता नाराहरू दिएका छन्। यो र त्यो गर्ने भनेर वामगठबन्धनले प्रतिबद्धता जनाउँदै आएको छ। मानिस यिनै हुन्, साधन यही हो, शासन, प्रशारण यही हो। अबको एक वर्षमा जनताले भन्न थालिहाल्छन् नि, आखिर वामगठबन्धनले पनि के नै गर्‍यो र। मुखले भन्न सजिलो छ, तर गर्न गाह्रो छ। अब बलियो सरकार बन्यो, र पाँच वर्षसम्म काम गर्न सक्यो भने राम्रै हुन्छ। अहिले नै नेकपा एमाले र माओवादीबीच पद र शक्ति बाँडफाँडको विषयमा विवाद सुरू भएको छ। यी दुई दलबीच एकीकरण गर्ने पनि सहमति भएको थियो। तर, त्यति सहज भने छैन। एउटाले अर्कोको अस्तित्व स्वीकार गर्न सक्नुपर्‍यो। वामगठबन्धन बन्नु राम्रै हो। अर्कोतर्फ नेपाली कांग्रेस पनि आफ्नो खुट्टामा आफैं उभिनुपर्‍यो। जनताका कुरा बुझ्न सक्ने, जनतासँग मिल्न सक्ने नेताहरू नेपाली कांग्रेसले जन्माउनुपर्‍यो।

**○ मधेशकेन्द्रित दलले ल्याएको परिणाम अपेक्षित थियो कि अनपेक्षित ?**

– मधेशकेन्द्रित दलले कुनै विकास गरेर ल्याएको मत होइन। भावनाबाट प्राप्त गरेको मत हो। संविधान संशोधन भएन, मधेशका अधिकार अन्य एजेण्डा पूरा गर्न बाँकी छ भन्ने लगायत मधेशी जनताले गुनासो गर्दै आएका छन्। अर्कोतर्फ मधेशकेन्द्रित दलले मधेशका एजेण्डा लिएर सडकदेखि सदनसम्म संघर्ष गरेकाले मधेशी जनताको लगाब हुनु स्वभाविकै हो। मधेशीकेन्द्रित दलले यतिको मत पाउनु राम्रै हो। नेपाली कांग्रेसले पनि मधेशकेन्द्रित दलसँग मिलेर चुनाव लडेको भए, उसलाई पनि राम्रो हुन्थ्यो।

**○ मधेशकेन्द्रित दलले पाएको मतले संविधान संशोधन गराउन कत्तिको दबाब दिन्छ ?**

– मानियो भने बल हो, मानिएन भने केही पनि होइन। हो, मधेशी जनताले एउटा म्यानडेट दिएका छन्। जनताको चाहना के रहेको छ भन्ने कुरा मतबाट अभिव्यक्त भयो। तर, संसद् र सरकारमा वर्चस्व हुनेले यो कुरा बुझ्नेन भने त फेरि केही हुँदैन। एमालेले फेरि पहिला जस्तो भन्न थाल्यो भने संविधान संशोधन हुँदैन। माओवादीको कुरा गर्ने हो भने पहिला संशोधनको पक्षमा थियो। अब माओवादी एमालेसँग गठबन्धनमा आएपछि ऊ जस्तै बोल्न सक्छ। यी कुरामा पनि भर पर्छ।

**○ राष्ट्रियसभाको चुनावलाई लिएर दलहरूबीच चलिरहेको आरोप प्रत्यारोपलाई कुन रूपमा लिनुहुन्छ ?**

– यो बेकारको कुरा हो। राष्ट्रियसभाको चुनावसम्बन्धी विधेयक दुई महिनाअघि नै राष्ट्रपतिसमक्ष पेश भइसकेको छ। राष्ट्रियसभाको चुनाव एकल संक्रमणीय प्रणालीबाट गर्नुपर्ने भनेर सरकारले विधेयक पेश गरिसकेको छ। वास्तवमा संविधानले यो शब्द नलेखे पनि राष्ट्रियसभाको गठनको मर्म त त्यही हो। सबैको सहभागिता होस। यो प्रणालीमा मत सिफ्ट हुन्छ। त्यो गर्दा बढी समावेशी हुने सम्भावना हुन्छ। यो राम्रो प्रणाली हो। संसारका विभिन्न मुलुकमा यो प्रणालीमा चुनाव हुन्छ। अब अहिले आएर नेकपा एमालेले यस्तो सानो कुरामा बखेडा गर्नु उचित छैन।

**○ वाम गठबन्धनको सरकार बनेपछि नेपाल र भारतबीचको सम्बन्धमा कस्तो असर पार्ला भनेर विभिन्न किसिमका आशंका गरिँदैछ। के भन्नुहुन्छ ?**

– भारतले नेपालमा भएको चुनाव र यसबाट आएको परिणाामलाई स्वागत गरेको छ। नयाँ सरकारसँग हातेमालो गरेर अघि बढ्न तयार रहेको पनि भारतले भनिरहेको छ। अर्कोतर्फ वाम गठबन्धनको काम गर्ने तरिका कस्तो हुन्छ, छिमेकीसँग सन्तुलित सम्बन्ध राख्नुपर्छ भन्ने भावनाअनुसार काम गर्‍यो भने राम्रै हुन्छ। मेरो विचारले नेपाल र भारतबीचको सम्बन्धमा कुनै अप्ठ्यारो पर्दैन।

**○ भारत र चीनबीच समदूरीको सम्बन्ध राख्नुपर्ने वाम गठबन्धनको भनाइ छ। वास्तवमा भारत र चीनबीच समदूरी मात्र सम्भव छ ?**

– समदूरी भन्नु नै गलत हो। पछिल्लो समय नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि समदूरीलाई गलत मान्नुभएको छ। उहाँले सामिप्यतामा जोड दिइरहनुभएको छ। सामिप्यता हुनुपर्छ दूरी कहाँ हुन्छ ? भनेर एमाले अध्यक्ष ओलीले पनि भनिरहनुभएको छ। हामीले दुवै देशसँग समझदारी बढाएर अघि बढ्नुपर्छ। नेपाल र भारतबीचको सम्बन्ध आफ्नै किसिमको छ। नेपाल र चीनबीचको सम्बन्ध आफ्नै किसिमको छ। त्यसैले समदूरी हुनै सक्दैन। भारतसँग हाम्रो व्यापक र गहिरो सम्बन्ध छ। चीनसँग दाँजेर मिल्दैन।

> मधेशकेन्द्रित दलले मधेशका एजेण्डा लिएर सडकदेखि सदनसम्म संघर्ष गरेकाले मधेशी जनताको लगाब हुनु स्वभाविकै हो। मधेशीकेन्द्रित दलले यतिको मत पाउनु राम्रै हो।

# मधेश र मधेशी चाहिन्छ भने संविधान संशोधन आवश्यक

मुख्य कुरा के हो भने यो देशमा मधेश चाहिन्छ कि चाहिँदैन ? मधेशलाई यो देशको भाग बनाउने कि नबनाउने ? एमाले होस् अथवा माओवादी यो कुरा बुझ्नुपर्छ। अब जनमत परिवर्तन भएको छ।



लक्ष्मणलाल कर्ण
सहअध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

**○ चुनाव सकिएको छ। अब सरकार गठनको चर्चा चल्न थालेको छ। सरकार कहिले गठन हुन्छ ?**

– समानुपातिकतर्फको पनि मतगणना सम्पन्न भइसकेको छ। तर, समानुपातिकतर्फको सिट बाँडफाडका साथै नाम पठाउनेलगायतका काम बाँकी नै छ। यो काम सकिएपछि बल्ल प्रतिनिधिसभाले पूर्णता पाउने छ। त्यसपछि मात्र सरकार गठनको प्रक्रिया सुरू हुन्छ।

**○ वामगठबन्धनको नेतृत्वमा सरकार बन्दैछ। मधेशकेन्द्रित दल पनि यो सरकारका सहभागी हुन्छन् ?**

– अहिले वामगठबन्धन मिलाएर नै सरकार बन्ने अवस्था देखिन्छ। बहुमत नपुगेको अवस्थामा सबभन्दा ठूलो दललाई अरू दलसँग सहकार्य गरी सरकार बनाउन राष्ट्रपतिबाट आह्वान हुन्छ। सरकारमा सामेल हुने विषयमा वामगठबन्धनसँग कुनै कुरा भएको छैन। हामीले सरकारमा जाने नजाने विषयमा कुनै निर्णय गरेका छैनौं।

**○ सरकारमा आउन आग्रह गरियो भने के गर्नुहुन्छ ?**

– हाम्रो मुल सवाल संविधान संशोधन हो। संविधान संशोधनको ग्यारेन्टी नभएसम्म हामी सरकारमा जाँदैनौं।

**○ हालै भएको प्रतिनिधि र प्रदेशसभाको चुनावबाट मधेशकेन्द्रित दलले प्राप्त गरेको मतले संविधान संशोधन गराउन सकिन्छ ?**

– यसमा दुई वटा कुरा छन्। हामीले संघर्ष छाडेका छैनौं। हामीले संघर्षको स्वरूप मात्र परिवर्तन गरेका छौं। निर्वाचनलाई हामीले आन्दोलनकै रूपमा प्रयोग गरेका छौं। हामी संघर्ष र आन्दोलनबाट अलग भएका छैनौं। अब हाम्रो आन्दोलन सदनमा हुन्छ। जहाँसम्म मतको कुरा छ। सरकार निर्माणको म्याण्डेट हामीलाई छैन। मधेशी जनताले मतको माध्यमबाट आफ्नो भावना अभिव्यक्त गरेका छन्। अन्तरिम संविधानले दिएको अधिकारसमेत खोस्ने काम भएको छ। ती अधिकार प्राप्तिका लागि मधेशी जनताले मत दिएका छन्। जुनसुकै सरकार बने पनि जनमतको कदर गर्नुपर्छ। मधेश नेपालमा छ। मधेशी पनि नेपाली हुन्। यो कुरामा विचार गरिएन भने देशमा शान्ति हुँदैन।

**○ तपाईंहरूले राम्रै मत पाउनुभयो। तर, हालैको चुनावबाट आएको मतको बलमा संविधान संशोधन गराउन सक्नुहुन्छ ?**

– हाम्रो सडकको आन्दोलन अब सदनमा पुगिसक्यो। मधेशी मलाई चाहिँदैन, मधेश मलाई चाहिँदैन भन्ने हो भने दुई तिहाइ कहिल्यै पुग्दैन। मधेशी पनि चाहिन्छ, मधेश पनि चाहिन्छ, यो पनि नेपालको भाग हो, मधेशी पनि नेपाली नागरिक हुन् भन्ने कुरा आत्मसात गरियो भने संविधान संशोधन हुन्छ। मधेशी जनताले आफ्नो भावना मतमार्फत् व्यक्त गरेका छन्।

**○ भनेपछि मधेशकेन्द्रित दलले चुनावमा पाएको मतले नेकपा एमालेसहित संविधान संशोधनको विरोध गर्ने दलहरूको सोचमा परिवर्तन ल्याउने सम्भावना छ ?**

– बिल्कुल। सोच परिवर्तन गर्नै पर्छ। देशमा शान्ति र स्थिरता कायम गर्ने हो भने जनसुकै सरकार बने पनि सोचमा परिवर्तन गर्नै पर्छ।

**○ संविधान संशोधनको पक्षधर रहेको माओवादी अहिले नेकपा एमालेसँग गठबन्धन गरेको छ। भनेपछि माओवादीले एमालेलाई संविधान संशोधनको पक्षमा ल्याउन सक्छ कि माओवादी पनि एमालेको जस्तै संविधान संशोधनको विरोधमा जाने सम्भावना देख्नुहुन्छ ?**

– मुख्य कुरा के हो भने यो देशमा मधेश चाहिन्छ कि चाहिँदैन ? मधेशलाई यो देशको भाग बनाउने कि नबनाउने ? एमाले होस् अथवा माओवादी यो कुरा बुझ्नुपर्छ। अब जनमत परिवर्तन भएको छ। जनमतलाई ध्यान दिनै पर्छ। जनमतलाई ध्यान नदिने सरकार टिक्न सक्दैन।

**○ चुनावमा फोरम नेपालसँगको गठबन्धन कत्तिको फलदायी रह्यो ?**

– जनताको भावनालाई हामीले कदर गर्नुपर्छ। जनताले मधेशबाट एमाले, माओवादी र कांग्रेसलाई विदा गर्न खोजेका छन्। जनमत हाम्रो पक्षमा छ।

**○ प्रदेशहरूलाई अधिकार सम्पन्न नबनाइएकै हो ?**

– पहिलो कुरा के हो भने प्रदेशको सीमाङ्कनमा नै हाम्रो विमति छ। प्रदेशको सीमाङ्कनको हामीले विरोध गर्दै आएका छौं। हामीले सम्पूर्ण २२ जिल्लामा दुई वटा प्रदेश खोजेका थियौं। तर, हामीले आठ जिल्लाको प्रदेश मात्र पायौं। १४ जिल्ला अहिले पनि बाहिर छ। त्यसका लागि लडाईं जारी छ। हामीले संविधान जलाउनुको कारणमध्ये अर्को एउटा कारण हो, प्रदेशलाई अधिकारविहीन बनाइयो। प्रदेश अधिकार सम्पन्न छैन। प्रदेशलाई कम मात्र अधिकार दिइएको छ। गाउँपालिकाभन्दा पनि कम अधिकार प्रदेशलाई दिइएको छ।

**○ प्रदेशलाई अधिकार सम्पन्न बनाउन संघर्षलाई कसरी अगाडि बढाउनुहुन्छ ?**

– यसका लागि हामी संसद्बाट लडाईं सुरू गर्छौं। संसद् र सरकारले यसलाई कत्ति सम्बोधन गर्छ, त्यसलाई मूल्याकंन गरी अरू निर्णय लिन्छौं।

**○ प्रदेश नम्बर २ को राजधानी कहाँ बनाउनुपर्छ ?**

– यो प्रदेशसभाले निर्णय गर्छ। कुन ठाउँमा राख्दा राम्रो हुन्छ, कुन ठाउँ उपयुक्त हुन्छ, त्यो प्रदेशले छिनोफानो गर्छ। नेपाली कांग्रेस मधेशमा हार ब्यहोरेपछि यो विषयलाई जताततै उठाइरहेको छ। जनकपुरबासीले जनकपुर र वीरगञ्जबासीले वीरगञ्ज भनिरहेका छन्। यसको जवाफ दिने अधिकार प्रदेशलाई दिइएको छ। संवैधानिक व्यवस्थाअन्तर्गत हिंड्नुपर्छ। विवादरहीत ढंगबाट सबै अगाडि बढ्नुपर्छ। र, अहिले विवाद श्रृजना गर्ने पार्टीले नै संविधान बनाएको हो। संविधान बनाउँदा प्रदेशको राजधानी तोकिएन। तर, अहिले आएर विवाद गराउनु अनुचित हो।

**○ प्रदेश नम्बर २ को नाम के राख्नुपर्ला ?**

– दुई नम्बर प्रदेश त मधेश प्रदेश हो। त्यसमा कुनै शंका नै छैन। भाषाको दृष्टिकोणबाट प्रदेशको नाम राखियो भने विवाद झन् जन्मिन्छ। त्यसकारण अहिले मधेश प्रदेश नाम राख्नु नै उपयुक्त हो।

**○ दुई नम्बर प्रदेशलाई मात्र मधेश भनेर नामाकरण गरियो भने मधेशका बाँकी भुभागलाई के भन्ने त ?**

– हामीले मधेशमा दुई प्रदेशको कल्पना गरेका छौं। नारायणीदेखि पूर्व मधेश प्रदेश र नारायणदेखि पश्चिम थरूहट प्रदेश हुनुपर्छ, यसका कुनै विवाद छैन। यसमा हामी प्रष्ट छौं। पहिलो संविधानसभाका बेला नै हामी यो निष्कर्षमा पुगिसकेका थियौं।

**○ ठूला दलको प्राथमिकतामा संविधान कार्यान्वयन हो। तपाईंहरूले पनि अहिलेको संरचनालाई कार्यान्वयन गराउने कार्यमा सघाउनुहुन्छ कि मधेशमा दुई प्रदेशका लागि संघर्ष गर्नुहुन्छ ?**

– बनिसकेको प्रदेशले आफ्नो काम गर्छ। सँगसँगै दुई प्रदेशका लागि हामीले आवाज उठाउँछौं। संघर्ष गर्छौं। आन्दोलन गर्छौं।

**○ एकातर्फ मधेशमा दुई प्रदेश हुनुपर्छ भनिरहनुभएको छ अर्कोतर्फ अहिलेको संरचनालाई आत्मसात गरी चुनावमा सहभागी भएर अगाडि पनि बढिसक्नु भएको छ। बनेको घर (प्रदेश) भत्काउनेतिर लाग्नुहुन्छ कि घर सजाउनुहुन्छ ?**

– हामीले यही सात प्रदेशको विरोधमा संविधान जलाएका थियौं। कालोदिन मनायौं। त्यसकारण हामीले कहिल्यै पनि सात प्रदेशलाई स्वीकार गरेका छैनौं। हाम्रो असन्तुष्टि कायम नै छ। घर बिगार्ने कुरा हामीले गरेका छैनौं। घर सफा बनाउने भनेका छौं। सात प्रदेशको बनोट हेर्ने हो भने एउटा छाडेर बाँकी सबैमा खस बाहुल्य छ। जनजाति, थारू, दलितलगायत सबैलाई उपेक्षित गर्ने काम गरियो। यसका लागि हामी लड्दै जान्छौं। घर भत्काउने कुरा होइन विस्तार गर्ने कुरा हो।

**○ पश्चिमतर्फका चर्चित केही नेताहरूले चुनावको मुखमै आएर पार्टी परित्याग गरे। यस्तो अवस्थामा दुई नम्बर प्रदेशबाहेक पश्चिम क्षेत्रमा राजपा र फोरमको गठबन्धनले पाएको मतलाई कुन रूपमा लिनुहुन्छ ?**

– प्रदेशलाई आफ्नो शासन आफैं गर्ने अधिकार दिनुपर्छ भनेर हामीले भन्दै आएका थियौं। अन्य प्रदेशहरूलाई उत्तर दक्षिण काटिएको छ। जसले गर्दा मधेशीको बाहुल्यता भएन। मधेशी अल्पमतमा परे। त्यसकारण राजनीतिक दृष्टिकोणले केही नेताहरूले ठाउँ परिवर्तन गरे। केवल मधेशमा मात्र उनीहरूलाई ठाउँ पाउन गाह्रो भयो। उत्तर दक्षिण सीमाङ्कनका कारण उहाँहरूले यस्तो निर्णय लिएका हुन्। तर, उहाँहरूले पार्टी छोड्दैमा अधिकारका लागि लड्नुहुन्न भन्ने छैन। उहाँहरू लड्नुहुन्छ भन्ने विश्वास छ।

**○ वामगठबन्धनको सरकार बनेपछि नेपाल र भारतबीचको सम्बन्धमा कस्तो असर पार्ला ?**

– नेपालमा कुनै पनि दल वाम छैनन्। नाम जे सुकै राखे पनि वाम भनिने कुनै पनि दल मार्क्सवाद र लेनिनवाद विचार लिएर हिँडेका छैनन्। त्यसकारण वाम गठबन्धनबाट संशकित हुनुपर्ने आवश्यकता छैन। तर, वामगठबन्धनको व्यवहारमा पनि निर्भर छ। व्यवहार लोकतान्त्रिक गर्न सक्यो भने सबै छिमेकीसँग राम्रो सम्बन्ध रहन्छ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशको २२ जिल्लामा राष्ट्रिय दलहरूको प्रतिनिधिसभामा समानुपातिक मत

| जिल्ला | नेकपा एमाले | नेपाली कांग्रेस | माओवादी केन्द्र | राजपा नेपाल | संघीय फोरम |
|---|---|---|---|---|---|
| झापा | १६०६३९ | १२१४८९ | ३३३९९ | ४०५५ | ५५३७ |
| मोरङ | १४४८२४ | १६०५४३ | ४४९५१ | ८८९७ | ३०३१५ |
| सुनसरी | ११६४०२ | ११२४३८ | १९५९१ | ६३७० | १६८२६ |
| उदयपुर | ३६८१२ | ४०९५७ | १८४७७ | ३४८ | २०६५ |
| सप्तरी | ३०५२५ | ४५३०१ | १८८२० | ४७५९९ | ३२४९० |
| सिरहा | ५२७१६ | ५२५४३ | २७६५८ | २०२३७ | ४७८५७ |
| धनुषा | ३८१५० | ६२१९९ | २७१७८ | ५२००९ | ५१११३ |
| महोत्तरी | १३६९४ | ३४०२० | २९२७३ | ६०२०१ | २९५५१ |
| सर्लाही | ३१०९१ | ६२७२१ | २९७६५ | ७२५८५ | १६६५६ |
| रौतहट | ३८८१८ | ५५५१८ | ३३२७० | ४१००३ | २५३६४ |
| बारा | ४६९४३ | ५२४४७ | १८३८७ | ३७२०३ | ४३२५५ |
| पर्सा | २२१५६ | ५०५९२ | ११८१९ | १७४१४ | ५३८२१ |
| चितवन | ९३५३४ | ८११०४ | ४२८५१ | २६६ | १७७ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ६४११८ | ७१२२५ | ९७५८ | १४० | २४९ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ४१९५६ | ५१६६४ | १५८३६ | १३५९९ | २०२२ |
| रूपन्देही | ११३५८४ | ११५३१९ | १८४९४ | २०५८३ | ३७२९७ |
| कपिलवस्तु | ६०९९४ | ६१२९२ | १०८३३ | २१९६७ | १८६६७ |
| दाङ | ७३०११ | ७३९९३ | ४३१९५ | ९५ | ५१६ |
| बाँके | ४८६९७ | ५०८५६ | २२७६२ | ३३४८ | २६०६४ |
| बर्दिया | ४६७२८ | ६६०८९ | ४५६९८ | ७४९ | ९०१ |
| कैलाली | ७००१३ | ८७२१६ | ४७०४९ | ३८६४८ | १८६२ |
| कञ्चनपुर | ५५०९२ | ६००६७ | ३३६६५ | १२२९ | १२८ |
| जम्मा | १४००४९७ | १५६९५९३ | ६०२७२९ | ४६८५४५ | ४४२७३३ |

# मधेशको २२ जिल्लामा राष्ट्रिय दलहरूको प्रदेशसभामा समानुपातिक मत

| जिल्ला | नेकपा एमाले | नेपाली कांग्रेस | माओवादी केन्द्र | राजपा नेपाल | संघीय फोरम |
|---|---|---|---|---|---|
| झापा | १५०९९९ | ११२७९९ | ३३२५९ | ४४३५ | ५७८३ |
| मोरङ | १३११६० | १४५८०६ | ४९८७८ | ८९८७ | २९२५५ |
| सुनसरी | १०७७९५ | १०२२९४ | २०७४७ | ५८३१ | १७५२६ |
| उदयपुर | ३३५१३ | ३७६५३ | १९८५७ | ३९६ | १७५२ |
| सप्तरी | २८०९० | ३८७३३ | १६०५७ | ४२६०० | ३०२२८ |
| सिरहा | ४९३८० | ४६५४० | २५२५४ | १८४४७ | ४५३५१ |
| धनुषा | ३६१०१ | ५५४१३ | २४२९० | ४९५८१ | ४८९३० |
| महोत्तरी | १२६२१ | ३००६७ | २६७६७ | ५५५०४ | २७१३३ |
| सर्लाही | २९३७३ | ५६५६५ | २७४०६ | ६६५१५ | १७४५८ |
| रौतहट | ३२७६३ | ४९०७४ | ३३६८२ | ३६६७६ | २४१९७ |
| बारा | ४२१०८ | ४८८८५ | १८५७१ | ३३६७८ | ३९५५५ |
| पर्सा | १९२९८ | ४५२७३ | १०५९२ | १५५२३ | ५१२२० |
| चितवन | ८९४४० | ७६९३६ | ४३६२२ | २७५ | १५४ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ६१४९० | ६७७४३ | १०४०२ | – | ३२९ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ३८९४२ | ४८१२० | १५४२८ | १२९६४ | २०५५ |
| रूपन्देही | १०५७३१ | १०३०६९ | २०५०६ | १७७५९ | ३४०७० |
| कपिलवस्तु | ५६६२० | ५२८४९ | १०१७८ | १९४९८ | १७१९९ |
| दाङ | ६५१६७ | ६९०६५ | ४४८१७ | ७३ | ६४१ |
| बाँके | ४४८६० | ४३५७१ | २२४६५ | २९७९ | २३२५२ |
| बर्दिया | ४४११४ | ६०४५० | ४४३२८ | ७२९ | ९८७ |
| कैलाली | ६२५३९ | ७९७७५ | ४५७५१ | ३५३९५ | १७५३ |
| कञ्चनपुर | ४९३८१ | ५५१६८ | ३४३७९ | १२९६ | १६९ |
| जम्मा | १२९१४८५ | १४२५८४८ | २९८२३६ | ४२९१४१ | ४१८९९७ |

# ‘आयोगले ३२६४ उजुरीहरूको छानबिन गरेको छ’



गिरीश चन्द्र लाल

नेपाल सरकारको निर्णयानुसार नेपाल राजपत्रको खण्ड ६६), संख्या २८, भाग ५, मिति २०७३।०६।०२ मा प्रकाशित सूचना अनुसार तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानवीन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७३ मेरो अध्यक्षतामा गठन भएको हो। यस आयोगलाई कार्य प्रारम्भ गरेको मितिले ६ महिनाभित्र प्रतिवेदन बुझाउने गरी कार्यादेश र म्याद तोकिएको थियो ।

सो अनुसार मिति २०७३।०७।०१ गते मैले सम्मानित सर्वोच्च अदालतमा सम्माननीय प्रधान न्यायाधीशज्यूले तोक्नु भएको सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दिपकराज जोशीज्यूबाट शपथ ग्रहण गरी मैले अन्य ५ जना सदस्यहरूलाई सोही समारोहमा शपथ ग्रहण गराएको थिए । उक्त शपथ ग्रहण कार्यक्रम पश्चात आयोगका अध्यक्ष लगायतका पदाधिकारीहरूले सोही दिन देखि आयोगलाई उपलव्ध गराईइको का.जि.का.म.न.पा. वडा नं. १० विजुलीबजार स्थित गृह मन्त्रालय, लागू औषध नियन्त्रण महाशाखा बसेको स्थानमा कार्य प्रारम्भ गरिएको थियो।

आयोगका सदस्य सुजन लोप्चनलाई मिति २०७३।०७।१२ मा शपथ ग्रहण गराई सोही दिन देखि नै उहाँले आयोगको सदस्यको रूपमा कार्य प्रारम्भ गर्नु भएको थियो ।

यस आयोगका सदस्यका रूपमा तोकिनु भएका अधिवक्ता खुसी प्रसाद थारू उच्च अदालतको माननीय न्यायाधीसमा नियुक्ति भएको कारण देखाई मिति २०७३।१०।०१ गते देखि लागू हुनेगरी राजीनामा दिनु भएपश्चात गठन हुँदाका बखत ७ सदस्यीय रहेको आयोग मिति २०७३।१०।०१ देखि ६ सदस्यीय आयोगको रूपमा कार्य गरी आएको छ ।

यो आयोग गठन हुँदाका बखत सदस्य सचिव तोकिनु भएका गृह मन्त्रालयका सुरक्षा महाशाखा प्रमुख एवं सहसचिव श्री बालकृष्ण पन्थी सरूवा हुनु भए पश्चात गृह मन्त्रालय सुरक्षा समन्वय महाशाखाको प्रमुख तोकिनु भएका सहसचिव श्री दीपक काफ्लेले मिति २०७४।२।२३ गते आयोगको सदस्य सचिव पदको शपथ ग्रहण गरी कार्य प्रारम्भ गर्नु भएको थियो ।

तत्पश्चात यस आयोगका सदस्य सचिव तोकिनु भएका सहसचिव दीपक काफ्लेको सरूवा भए पश्चात गृह मन्त्रालय, सुरक्षा समन्वय महाशाखा प्रमुखको रूपमा तोकिनु भएका सहसचिव श्री रामकृष्ण सुवेदीले २०७४।०५।०४ मा यस आयोगको सदस्य सचिवको रूपमा शपथ ग्रहण गरी कार्य गरिरहनु भएकोमा निज सुवेदीको अन्य महाशाखामा कार्यभार तोकिए पश्चात गृह मन्त्रालय, सुरक्षा समन्वय महाशाखाको सहसचिवको रूपमा कार्य गर्न तोकिनु भएका सहसचिव श्री नारायण प्रसाद शर्मा दुवाडीले मिति २०७४।०८।०१ मा शपथ ग्रहण गरी सदस्य सचिवको रूपमा कार्य गरी आउनु भएको छ । आयोगले आफ्नो कार्य संचालन गर्न सर्वोच्च अदालत तथा गृह मन्त्रालय एवं प्रहरी प्रधान कार्यालय समेतबाट कर्मचारीहरू काजमा ल्याई कामकाज लगाएको थियो।

आयोगले आफूलाई चाहिने बजेट माग गर्दा गर्दै समयमा रकम प्राप्त नभएता पनि आयोगका पदाधिकारी एवं कर्मचारीको व्यक्तिगत प्रयासमा र तत्परतामा वेभसाईट निर्माण गरी कार्य सुचारू गरिएको थियो ।पछि आयोगले कार्य प्रारम्भ गरेको करिव १ महिना ५ दिन पश्चात अर्थात मिति २०७३।८।५ गते यस आयोगलाई तलव, भत्ता एवं फर्निचर शीर्षकमा आंशिक रूपले केही रकम उपलब्ध गराइएको थियो । आयोग संचालनका लागि आवश्यक रकम पटक पटकको पत्रचार र लेखापढी पश्चात अर्थात आयोग गठन भएको झण्डै २ महिना १४ दिन पश्चात थप रकम निकाशा भएको थियो।

यस आयोगले प्रथम पटक २०७३।०८।१६ गते विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन गरी आयोगको कार्यक्षेत्र भित्र पर्ने खालका उजुरीरजानकारीरसूचना दिनका लागि १ महिनाको समय दिई सूचना संप्रेषण गरेको थियो । तत्पश्चात दोश्रो पटक मिति २०७३।९।१६ गतेदेखि मिति २०७३।१०।०१ गतेसम्म पुन: म्याद थप गरी निवेदनरउजुरीरसूचनारजानकारी माग गरिएको थियो ।

यसरी प्रकाशित सूचना अनुसार यस आयोग समक्ष सबै परेका उजूरीहरूलाई केलाई हेर्दा यस आयोग समक्ष दर्ता हुन आएका १३२६ र मधेशवादी राजनैतिक दलहरू मार्फत प्राप्त भएका १९३८ उजुरीहरू समेत जम्मा ३२६४ उजुरीहरूको यस आयोगले छानवीन गरेको छ ।

यस आयोगबाट निम्न मितिमा निम्न जिल्लाको स्थलगत अवलोकन गरिएको थियो।

(१) **टीकापुर, कैलाली** २०७३।१०।२४ देखि २०७३।१०।२७ सम्म

(२) **झापा, मोरङ्ग, सुनसरी** २०७३।११।१५ देखि २०७३।११।२०सम्म

(३) **महोत्तरी, धनुषा** २०७३।१२।०८ देखि २०७३।१२।१५ सम्म

(४) **सर्लाही, रौतहट** २०७३।१२।२४ देखि २०७३।१२।२८ सम्म

(५) **बाँके, बर्दिया र दाङ** २०७४।०१।१८ देखि २०७४।०१।२२ सम्म

(६) **बारा, पर्सा** २०७४।०२।०९ देखि २०७४।०२।१४ सम्म

(७) **रूपन्देही, कपिलवस्तु, नवलपरासी** २०७४।०२।२४ देखि २०७४।०२।२९ सम्म

(८) **सप्तरी, सिरहा** २०७४।०३।२२ देखि २०७४।०३।२८ सम्म

(९) **काठमाडौं** २०७४।५।१९

आयोग गठन हुँदाका बखत यसलाई जम्मा ६ महिनाको कार्यावधी तोकिएको थियो तर आयोगमा परेका उजुरीको संख्या, स्थलगत भ्रमणमा जानु परेका कारण एवं सम्बन्धित व्यक्तिहरूलाई बुझ्नु पर्ने समेतका कारणले आयोगले म्याद समाप्त हुनु अगावै १ बर्ष म्याद थपका लागि लेखि पठाएकोमा प्रथम पटक मिति २०७३।१२।२९ गते ३ महिनाको म्याद थप भै आएको र दोश्रो पटक मिति २०७४।०४।०५ गते २०७४ असोज मसान्तसम्म ३ महिनाको म्याद थप भएको थियो । त्यसपछि नेपाल सरकारको मिति २०७४।०८।०१ को निर्णय अनुसार तेस्रो पटक यस आयोगको म्याद मिति २०७४।८।२९ गतेसम्मको लागि थप भएर आएको छ । सोही म्याद भित्रै यस आयोगले प्रतिवेदन तयार गरी प्रस्तुत गरेको छ ।

आयोगले सम्पूर्ण सदस्यहरू एवं आवश्यक कर्मचारीहरू सहित स्थलगत भ्रमण गरी स्थानीय एवं पीडित व्यक्तिहरूबाट आफ्नो भनाई राख्न र सम्बन्धित मृतकका परिवार एवं घाईतेसँग प्रत्यक्ष संवाद गरी आयोगले आफ्नो कार्य गरेको छ ।

आयोगले आफ्नो कार्य संचालनमा जतिसुकै तदारूकता देखाए पनि सम्बन्धित सबै निकायबाट त्यत्तिकै सहयोग प्राप्त हुन नसक्दा कहिलेकाहीँ काममा ब्यवधान आउने अवस्थाको सामना गरेको छ । फलस्वरूप समयमा बजेटको निकासा नहुनु, निकासा भएको बजेट पर्याप्त नहुनु र कहिलेकाहीँ स्टेशनरी, कागजात, कलमका लागि पनि केही दिन पर्खनु पर्ने जस्ता साधारण भन्दा साधारण समस्याले पनि काममा ढिलाई हुन पुगेको छ । यस्तै कार्यालय संचालन गर्दा कम्प्युटर जस्ता साधन समेत यस कार्यालयलाई समयमा उपलब्ध हुन नसकेको कारणले कार्य सुचारू गर्न कठिनाईको सामना गर्नु परेको थियो ।

यति हुँदा हुँदै पनि यति धेरै उजुरीका वावजुद र सबै घटनास्थलमा भ्रमण गरी सबै पीडित एवं घाईतेसँग संभव भएसम्म भेटघाट र अन्तरक्रिया गरी १४ महिनाको समय भित्रै यो प्रतिवेदन प्रस्तुत गर्न सफल भएका छौं । यस जाँचबुझको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सर्वसाधारण महिला तथा सज्जनवृन्दहरू, संचारकर्मी साथीहरू समेत सबैलाई धन्यवाद दिन चाहन्छु । आयोगको काममा खटिनु भएका सबै कर्मचारीको अथक प्रयासले मात्र यो प्रतिवेदन यस रूपमा आउन सफल भएको हो।

यस आयोगलाई उजुरी संङ्कलन गर्न स्थलगत भ्रमण, पीडितसँगको अन्तरक्रिया लगायतका कार्यहरूमा तराई मानव अधिकार रक्षक संजाल (त्ज्च्म् बीक्ष्ब्ल्क्ृभ) ले पुर्याएको सहयोगको यस आयोगले उल्लेख गर्नु आवश्यक छ । उक्त संस्थाको सहयोग विना यस आयोगको कार्य सुचारू गर्न अझ धेरै अप्ठ्याराहरूको सामना गर्नु पर्ने हुन्थ्यो । त्यसकारण सो संस्थालाई यस आयोगले प्रशन्नतापूर्वक साधुवाद दिन चाहान्छ । यस आयोगलाई सहयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरू, तत्कालीन जिल्ला विकास समितिहरू एवं स्थानीय प्रहरी कार्यालयहरू समेतलाई यस आयोगले धन्यवाद दिन चाहन्छ । अन्तमा यस आयोगको जाँचवुझको कार्यमा प्रत्यक्ष वा परोक्ष रूपले सहयोग गर्नु हुने सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

*उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष तथा सर्वोच्च अदालतका पूर्वन्यायाधीश लालले सार्वजनिक गरेको प्रतिवेदनको भूमिका)*

## मधेश अपडेट

### अध्यादेश रोक्नु असंवैधानिक : निधि

जनकपुरधाम । नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिले राष्ट्रपतिलाई अध्यादेश रोक्ने संवैधानिक प्रावधान नरहेको बताएका छन् । रामानन्द युवा क्लबद्वारा बुधबार जनकपुरधाममा आयोजित पुरस्कार वितरण कार्यक्रममा उनले संविधानले कार्यकारी राष्ट्रपतिको व्यवस्था नगरेको अवस्थामा राष्ट्रपतिले कार्यकारीझैं बन्न खोज्नु राष्ट्रमा अन्योल सिर्जना गर्नु रहेको जिकिर गरे । सरकारले आमनिर्वाचन पूर्व नै अध्यादेशमार्फत एकल सङ्क्रमणीय पद्धतिका आधारमा राष्ट्रियसभाको निर्वाचन गराउनुपर्छ भनी राष्ट्रपतिसमक्ष विधेयक पेस गरेको अवस्थामा राष्ट्रपतिको भूमिका संवैधानिक प्रावधान अनुरूप नहुनु चिन्ताको विषय भएको उनले बताए ।

### हुलाकी राजमार्गको कालोपत्रे निर्माण शुरू

पर्सा । हुलाकी राजमार्गअन्तर्गत वीरगञ्ज-ठोरी खण्डमा कालोपत्रे निर्माण कार्य सुरू भएको छ । सोमबार वीरगञ्जमा आयोजित एक समारोहका बीच पर्सा क्षेत्र नम्बर १ का नवनिर्वाचित प्रनिधिनिधि सभा सदस्य प्रदीप यादव र ३ नम्बरका क्षेत्रका प्रतिनिधि सभा सदस्य हरिनारायण रौनियारले सो मार्ग सुधारको सुभारम्भको शिलन्यास गरेका छन् । भारत सरकारको आर्थिक सहयोगमा सडक विभागले निर्माण गर्न लागेको वीरगञ्ज-ठोरी सडकखण्डअन्तर्गत सेढवासम्मको ३० किलोमीटर सडक कालोपत्रे निर्माणको ठेक्का पप्पु कन्स्ट्रक्सन प्रा.लि. र भारतीय निर्माण कम्पनी एएमआरले संयुक्त रूपमा पाएका छन् । १ अर्ब ३२ करोड ४७ लाख ८३ हजार रूपैयाँको लागतमा निर्माण हुन लागेको १५/१५ मिटर चौडाई भएको दुई लेन कालोपत्रे सडकबाट पर्साका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ । सडक विभाग र ठेकेदार कम्पनीबीच ३० महिनाभित्र काम योजना पूरा गर्ने सम्झौता भएको छ । परियोजनाको प्राविधिक कन्सल्ट्याण्ट भारतीय कम्पनी नेशनल हाइवेज एण्ड इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट कर्पोरेशन लिमिटेडको रहेको छ । सो वीरगञ्ज-ठोरी हुलाकीमार्ग सुधार योजना सुभारम्भ समारोहमा पर्सा क्षेत्र नम्बर १ क का प्रदेशसभा सदस्य जन्नत अन्सारी, २ का लालबाबु राउत गद्दी, जिल्ला समन्वय समिति पर्साका सभापति नेक महमद, नेपाल पत्रकार महासंघका अध्यक्ष श्याम बन्जारा, सडक विभागका इन्जिनियर शम्भुकुमार मोची लगायतको सहभागिता थियो ।

### राजधानी कपिलवस्तु बनाउन माग

कपिलवस्तु । जिल्लाबाट नवनिर्वाचित प्रतिनिधि तथा प्रदेशसभाका प्रतिनिधिहरूले प्रदेश नं. ५ को राजधानी कपिलवस्तुलाई बनाउनुपर्ने माग गरेका छन् । निर्वाचित प्रतिनिधिहरूले भगवान गौतम बुद्धका पिता शुद्धोधनको राजधानी तिलौराकोट रहेको र बुद्धसँग सम्बन्धित सयभन्दा बढी पुरातात्विकस्थल यस जिल्लामा रहेको यस प्रदेशको राजधानी कपिलवस्तु बनाउँदा उपयुक्त हुने बताएका छन् । शनिबार तौलिहवामा भएको सम्मान तथा स्वागत कार्यक्रममा सांसद तथा विधायकले हरेक दृष्टिले प्रदेशको राजधानी कपिलवस्तु नै उपयुक्त हुने भन्दै राजधानी बनाउन जोडदार माग गरेका हुन् ।

### गद्दी र यादव मुख्यमन्त्रीका दाबेदार

वीरगन्ज । प्रदेश नम्बर २ को समानुपातिक मतको परिणाम आइसक्दा फोरम-राजपाको गठबन्धनले बहुमत पाएको छ । प्रत्यक्षतर्फ ६४ र समानुपातिकको ४७ गरि जम्मा १०७ मध्ये ५४ को आँकडा गठबन्धनले पाएपछि सरकार बनाउने पक्कापक्की भएको हो । अबको मुख्य चासो प्रदेश नम्बर २ को मुख्यमन्त्री बारेमा हुनेछ । गठबन्धनको मर्म बमोजिम बढि सिट पाएको संघीय समाजवादी फोरमले मुख्यमन्त्रीको पद पाउने छ । फोरमले मुख्यमन्त्री पाउने भएपछि पार्टीभित्रका आकांक्षीहरूसमेत दाबेदारी प्रस्तुत गर्न थालेका छन् । पार्टीका केन्द्रय उपाध्यक्ष लालबाबु राउत गद्दी आफूलाई मुख्यमन्त्रीको मुख्य दाबेदारको रूपमा दाबी गरेका छन् । दोश्रो संविधानसभामा समानुपातिक प्रणालीबाट सभासद् भएका उनी अहिले वीरगञ्जबाट विधायक भएका छन् । सालिन स्वभावका गद्दी पार्टीको मुख्य योजनाकारका रूपमा काम गर्ने गर्छन् । यता महोत्तरीबाट विधायक चुनिएका कौशल यादवले समेत आफूलाई मुख्यमन्त्रीको प्रवल दाबेदारको रूपमा प्रस्तुत गर्दै अगाडि सरेका छन् । २०६४ सालको मधेश आन्दोलनमा महोत्तरी जिल्लाको आन्दोलनका कमाण्डर यादव पहिलो संविधानसभामा भारी मतले विजयी भएका थिए ।

### मोरङमा धान उत्पादनमा कमी

विराटनगर । मोरङमा यस वर्ष धान उत्पादनमा कमी आएको छ । समयमै रोपाइँ हुन नसक्दा उत्पादनमा कमी आएको जनाइएको छ । जिल्लामा गत वर्ष ७८ हजार हेक्टर जग्गामा धानखेती गरिएकोमा तीन लाख ५८ हजार ८०० मेट्रिक टन उत्पादन भएको थियो । गत वर्ष ७४ हजार ८८० हेक्टरमा रोपाइँ हुँदा तीन लाख ५१ हजार ९३६ मेट्रिक टन धान उत्पादन भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ । धानबाली रोपाइँको समयमा वर्षा नहुँदा किसान चार प्रतिशत जग्गामा रोपाइँ गर्न नपाएका कारण दुई प्रतिशत उत्पादनमा कमी आएको हो । खेतमा बाढीका कारण पानी लामो समयसम्म बग्न नपाउँदा सो खेतको धानबाली गल्नुका साथै कीराको प्रकोप देखिनुका साथै कतिपय बालीमा दाना पनि नलागेको हो ।

### वार्षिकोत्सवको अवसरमा उपचारमा छुट

चन्द्रकान्त खनाल, रूपन्देही । गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले आफ्नो पाँचौं स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रमका साथ स्थापना दिवस मनाएको छ । अस्पतालले आफ्नो पांचौ स्थापना दिवस अस्पतालले मंसिर १० गतेदेखि पुस ९ गतेसम्म ओपिडी शुल्कसँगै विभिन्न प्याकेजको परिक्षणमा छुट गर्दै आएको जनाएको छ । अस्पतालले एक महिनाको अवधीसम्म ओपिडी शुल्क एक रूपैया कायम गरेको छ । त्यस्तै सुगर र यूरिन आर इ नि:शुल्क परिक्षण गर्नुको साथै १ सय रूपैयांमा इ.सि.जि. र ५ सय रूपैयांमा थाईराईड परिक्षण गर्दै आएको छ । फुलबडी परिक्षण र मृगौलाको प्याकेजहरूमा पनि पनि २० प्रतिशत छुट उपलब्ध गराएको अस्पतालका प्रमुख डा शमिर गौतमले बताए । कुनैपनि विरामीको रगतको अभावमा अकालमा ज्यान नजाओस भन्ने उद्देश्यले अस्पतालले हरेक वर्ष आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना गर्दै आएको अस्पतालका अध्यक्ष एजाज आलमले बताए ।

### राजधानीको माग गर्दै ज्ञापन

कैलाली । प्रदेश नं. ७ को डडेलधुरा, दीपायल, अत्तरिया र धनगढीमा प्रदेश राजधानी तोकिनु पर्ने मागसहित ती क्षेत्रका सर्वसाधारण र नेता कार्यकर्ताहरू संघर्षका कार्यक्रममा उत्रिएका हुन् । जनघनत्व, यातायातको सहजता, थारू बाहुल्य जिल्ला र पहाडी जिल्लाका बासिन्दा सबैको सहज आवागमन हुनसक्ने अत्तरिया नै उपयुक्त हुने नेताहरूको भनाई छ । कैलाली कंचनपुरबाट निर्वाचित भएका प्रदेश सभाका प्राय: सबैजसो सदस्यले अत्तरियालाई नै राजधानी बनाउनुपर्ने मत प्रकट गरिरहेका छन् । प्रदेश नं ७ को राजधानी अत्तरिया बनाउनु पर्ने माग गर्दै मंगलबार अत्तरियाका बासिन्दाहरूले सरकारलाई ज्ञापन पत्र बुझाए ।

**बाख्राको खोर बनाउँदा ध्यान दिनुपर्ने कुराहरू :**

- बाख्राको खोरको लागि गाउँ ठाउँको वस्तुस्थिति खास गरेर हावापानी, सिरेटो, तातो हावा एवं सूर्यको प्रकाशको अवधिलाई विचार पुर्‍याउनुको साथै पानी नजम्ने र केही अग्लो स्थानको छनौट हुनुपर्दछ ।
- छनौट गरिएको ठाउँमा पछि आवश्यकता अनुसार फार्म विस्तार गर्न पर्याप्त जमिन भएको हुनुपर्दछ ।
- खोर चरन तथा खाँखेतीको विकास गर्न सकिने ठाउँबाट नजिक हुनुपर्दछ ।
- स्वच्छ पिउने पानी उपलब्ध हुन सक्ने स्थानमा बाख्राको खोर निर्माण गर्नुपर्दछ ।
- पहाडी भेगमा खोर बनाउँदा दक्षिण वा पूर्व मोहोडा र तराई वा गर्मी ठाउँमा उत्तर वा पश्चिम मोहोडा पारी बनाउनु उपयुक्त हुन्छ।
- निर्माण स्थल यातायात र बजारको विकास भएको ठाउँबाट नजिक हुनुपर्दछ ।
- खोर निर्माणमा सिफारिस गरिएको मापदण्ड अनुसार हुने गरी स्थानीय स्तरमा उपलब्ध हुने कम खर्चिलो वस्तुहरूको प्रयोग गर्नु फाइदाजनक हुन्छ ।
- बाख्राको लागि आवश्यक दान घाँस राख्नको लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्दछ ।
- खोर निर्माण गर्दा पाठापाठी, थारामाउ, ब्याएका माउ, खसी र प्रजनन बोकालाई छुट्टाछुट्टै राख्ने व्यवस्था मिलाउनु पर्दछ । ब्याडको बोकाहरूलाई बाख्राहरूसँगै एकै ठाउँमा राख्दा अनियमित गर्भधारण हुने र ब्याउने बाख्रा भएमा तुहिने डर हुन्छ ।
- माउसँग दुध नछुटेका पाठापाठीहरूको खोर, कोठा र माउ बस्ने कोठा एक आपसमा देखिने हुनुपर्दछ ।
- माउसँग दुध छुटाइसकेका, हुर्केका र वयस्क हुन लागेको पाठापाठीहरूलाई छुट्टाछुट्टै कोठामा राख्ने व्यवस्था गरी खोर बनाउनु पर्दछ ।
- बाख्राले साधारणतया भुईमा खसेको घाँस वा दाना टिपेर खान नरचाउने भएकोले घाँस राख्ने ऱ्याक (टाट्नो) बनाउनु पर्दछ ।
- बाख्रालाई दानापानी खुवाउन एवं हिडडुलको लागि खोरको अतिरिक्त खुला ठाउँ ( प्याडक) को व्यवस्था गर्नुपर्दछ ।
- प्याडकमा दाना र पानी खुवाउनको लागि छुट्टाछुट्टै डुँड बनाउनु पर्दछ ।

नेपाल सरकार

**पशु सेवा विभाग**

पशु उत्पादन निर्देशनालय

केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय, हरिहरभवन

**सार्वजनिक सरोकारको लागि सूचना**

प्लाष्टिकजन्य वस्तु जलाउँदा निष्कासन हुने धुवाँमा डाइअक्सिजन र फ्युरान जस्ता विषाक्त ग्याँस निस्केर मानव शरीरमा क्यान्सर जस्तो घातक रोग लाग्ने भएकाले आजैदेखि प्लाष्टिक जन्यवस्तुमा आगो नलगाऔं । आफ्नो र समुदायको स्वास्थ्यप्रति सचेत बनी वातावरण संरक्षणमा योगदान गरौं ।

प्लाष्टिक जन्य वस्तु जताततै नफालौं, सुन्दर र सफा नेपाल निर्माणमा योगदान गरौं ।

नेपाल सरकार

**जनसंख्या तथा वातावरण मन्त्रालय**

**वातावरण विभाग**

कुपन्डोल

**नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यको लागि बचत गरौं**

**कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी भई बचत गर्दा पाइने फाइदाहरू**

- वार्षिक ६.५ प्रतिशत ब्याज पाइने,
- बचत गरेको २ आ.व. पछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने,
- सहुलियत ब्याजदर वार्षिक ९ प्रतिशतमा धितो मूल्यांकनले खामेसम्मको बढीमा रू. ४० लाखसम्म (उपत्यका भित्रका नगरपालिकामा घर निर्माण तथा खरिद गर्न) आवाशकर्जा सुविधा लिन पाइने,
- वार्षिक आयको एक तिहाई रकममा आयकर छुट सुविधा पाइने,
- सेवाबाट अवकाशपछि एकमुष्ठ रकम पाइने,
- सबै वाणिज्य बैंकका शाखा कार्यालयहरूबाट रकम जम्मा गर्न सकिने,
- ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।
- दुर्घटनावश मृत्यु भएमा रू. १ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।

*“आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं”*

नागरिक लगानी कोष

नयाँबानेश्वर, काठमाडौं ।

पोष्ट बक्स नं. ५८२३

फोन : ०१-४७८५७१९, ०१-४७८५७२५

फ्याक्स : ०१-४७८५७१९

ई-मेल : info@nlk.org.np वेभसाइट : www.nlk.org.np

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन–१०



**डा. जगतप्रसाद पराजुली**

**मधेश जनजागरणको आधारक्षेत्र :**

नेपालमा विद्यमान निरंकुशतन्त्र (राणाशासन) भारतस्थित अंग्रेजहरूको सहयोग, सद्भाव र आशिर्वादबाट बलियो बनेको थियो । राणा प्रशासकहरूले बेलायतद्वारा कायम गरेका उपनिवेश तथा राज्यशक्ति हडपेका मुलुकहरू भ्रमण गरेर त्यहाँ लागु गरिएका पद्धतिहरूलाई नेपालमा पनि कार्यान्वयन गर्ने जमर्को गरेका थिए । मौलिक तथा स्थानीय मुलुकहरूले बेलायतको साम्राज्यवादी नीतिका कारण आफ्नो स्वतन्त्रता तथा सम्प्रभुत्व गुमाएका मात्र थिएनन्, उनीहरूले सबै किसिमका पहिचानहरू गुमाउन बाध्य हुनु परेको स्थिति थियो । यस्तो परिदृश्यलाई हूबहू नेपालमा पनि प्रयोग गर्न राणशाहीतन्त्र अधिक क्रियाशिल थियो । त्यही कारण नेपाली जनतामा दमनचक्र चलाएर अत्यधिक नियन्त्रणमा राख्न अनेकथरी प्रयासहरू भैरहेका थिए ।

नेपालको भौगोलिक अवस्थिति विविधतापूर्ण र विषमतायुक्त भएकोले हिमाली र पहाडी क्षेत्र भन्दा मधेश प्रदेशमा बासोबास गर्ने नेपाली जनता बढी जागरूक थिए । हिमाली क्षेत्रका सर्वसाधरण जनतामा शिक्षाको पहूँच र चेतनाको स्तर माथि उक्सिन सकेको थिएन । पहाडी प्रदेशका हुनेखाने शिक्षित व्यक्तिहरू अरू शिक्षा आर्जन गर्न मधेश र मधेशबाट भारतीय शैक्षिक केन्द्रहरूमा धाउने गर्दथे । तर त्यसता जागरूक युवाहरूको समूह उल्लेख्य थिएन । यद्यपी उनीहरू आँट र साहसका पर्याय थिए । मधेशमा बसोबास गर्ने शिक्षित, सम्भ्रान्त र चेतनशील परिवारले आफ्ना सन्तानहरूलाई भारतका शैक्षिक संस्थाहरूमा शिक्षा आर्जन गर्न पठाउथे । त्यसरी अध्ययन गर्न गएका युवाहरूले शिक्षा आर्जनको शिलशिलामा भारतमा संचालित स्वतन्त्रता संग्रामलाई नजिकबाट नियाल्न पाएका थिए । ती युवाहरू उक्त आन्दोलनमा मन, वचन र कर्मले सहभागी भए । बाह्य मुलुकलाई अंग्रेजको औपनिवेशिक चंगुलबाट मुक्त गराउन सक्रिय भैरहँदा ती युवाहरूलाई नेपालमा पनि यस किसिमको प्रजातान्त्रिक संघर्ष चर्काउने मनोभावना विकसित भयो । फलस्वरूप ती शिक्षित र चेतनशील युवाहरूले राणाशासन समाप्तीका निमित्त अभूतपूर्व योगदान पुऱ्याए ।

मधेशका युवावर्ग भारतका सीमावर्ती क्षेत्रहरूमा विभिन्न उद्देश्यले जाने-आउने गर्दथे । कोही व्यापारिक प्रयोजन लागि सामान ओसार-पोसारमा संलग्न थिए । कोही धार्मिक तीर्थाटनको उद्देश्यबाट आवागमन गर्दथे । कही युवाहरू आजिविकाको निमित्त रोजगारी प्राप्त गर्ने ध्याउन्नमा त्यहाँ प्रवेश गर्दथे । त्यसैगरी अधिकांश सचेत युवाहरू गुणस्तरीय शिक्षा आर्जनका लागि प्रसिद्ध शैक्षिक स्थलतर्फ लाग्थे । यसरी विविध उद्देश्यबाट भारत पुगेका युवा जमातले भारतमा भैरहेको मौजुदा यावत गतिविधिलाई नियाले, सघाए, सक्रियता निर्वाह गरे, सहभागिता जनाए । काशीबाबू लगायतका योग्य अभियन्ताहरूको कार्यकुशल प्रशिक्षणबाट उनीहरू जागरूक भए । नेपाली समुदायको सामूहिक संगठनमा आबद्ध र एकाकार भएर त्यहाँको आन्दोलनलाई उत्कर्षमा पुऱ्याए ।

भारतको भूमिमा बसेर चेतनाको संचारबाट अभिसिंचित नेपाली युवाहरू काशीप्रसाद श्रीवास्तवको अगुवाइमा नेपालको मधेश क्षेत्रमा प्रवेश गरेर त्यसलाई "जागरणको आधार क्षेत्र" निर्माण गर्न थाले । उनीहरूले सबैभन्दा शोषणको चरम पीडा भोगेका मधेश क्षेत्रका किसान, मजदूर तथा श्रमिक वर्गहरूमा व्याप्त रहेका व्यथितिहरूका विरूद्ध अभियान चलाउन थाले । पूर्व तराई, मध्ये तराई र पश्चिम तराई अर्थात मधेशका समस्त क्षेत्रमा रहेका जनताका बीचमा पुगेर विद्यमान समस्याको कारकतत्व स्वेच्छाचारिताले भरिपूर्ण भएको निरंकुश राणाशासनले गर्दा नै मुलुक यस किसिमबाट गुज्रिरहेको निष्कर्ष निकाले ।

मधेश अमृतमय उत्पादनको सबैभन्दा उर्वर भूमि थियो । यहाँ बसोबास गर्ने जनता अत्यन्त परिश्रमी थिए । उनीहरू त्यहाँको जमिनमा पसिना बगाएर वार्षिक २-३ बाली अनाज लगायत कुटानी, पिसानी र पेलानीका बालीनाली लगाउथे । ती अनाजहरू स्थानीय क्षेत्रका जनताले उपयोग गरेर पनि बचत हुन्थ्यो । त्यसरी खपत पश्चात बचत भएको अनाज उनीहरू उपत्यका लगायत भारतीय सीमावर्ती बजारमा बिक्रि पनि गर्दथे । अधिया एवं करको रूपमा सरकारलाई बुझाएको अनाजसमेत राज्य सत्तामा हालीमुहाली गरेका कर्मचारी, प्रशासक तथा भाइ-भारदारहरूको हिस्सामा पर्दथ्यो । सरकारले करको रूपमा उठाएको अनाज एकमुस्ट ठेक्का तथा अमानत प्रणालीबाट आन्तरिक र बाह्य व्यापारिक पद्धति अनुरूप बिक्रि वितरण पनि गर्दथ्यो ।

मधेशका उर्वर भूमिमा राजपरिवार, राणा परिवार, प्रशासक, भाइ-भारदार तथा कर्मचारीहरूका नाममा विर्ता कायम गरिएका थिए । ती विर्ता जमिन पनि अनेक किसिमले नामांकित थिए । "सबै जमिन राज्यको हो र राज्य राजाको हो" भन्ने मान्यताबाट उर्वर भूमिको अत्यधिक दोहन हुने गरेको थियो । राजा राणाशाहीको कठपुतली भएका बखत देशको सम्पूर्ण जमिनमाथि राणापरिवारको नियन्त्रण थियो । जमिनमा जमिन्दारी प्रथा कायम भएकोले उत्पादनमा समर्पित कृषकहरूको अत्यधिक शोषण हुने गर्दथ्यो । जमिनदारहरू आफ्नो जमिनबाट अधिकाधिक उब्जनी हडप गर्न चाहन्थे । सरकार जमिन्दारकै पक्षमा पक्षपोषण गर्दथ्यो । किनकी विर्तावालहरू सरकारी पक्षकै आसेपासे हुने गर्दथे । समयमा कसल असल उब्जाउ नगर्ने, निर्धारित कुत समयमा नतिर्ने, भूमिकर चुक्ता नगर्ने किसानलाई जमिन्दारहरू सरकारको उक्साहटमा लागेर कानूनगो, अमाली, कोठारी, चौधरी जस्ता भूमिकर अशुल उपर गर्ने कारिन्दाबाट अभद्र व्यवहार गर्दथे । करको भारबाट थिचिएका किसानहरू जमिन्दारहरूको निर्ममतापूर्ण अमानवीय व्यवहारबाट झन् पीडित बन्न पुग्दथे ।

सरकारी संयन्त्र, जमिन्दार तथा कर्मचारीतन्त्र किसान, मजदूर तथा श्रमिकहरूको हितमा कहिल्यै रहेनन् । जमिनबाट अत्याधिक उत्पादन बढाउन आवश्यक प्रवन्ध मिलाउने तर्फ उनीहरूको ध्यान कहिल्यै पुगेन । बीउ, बिजन, मल, पानी, सिंचाइ आदीको समुचित प्रबन्ध गर्नेतर्फ उनीहरूको कुनै भूमिका नै रहेन । प्रतिकूल मौसम, प्राकृतिक प्रकोप,बाढी-पहिरो, बृहत भू-क्षयीकरण, अतिवृष्टि, अनावृष्टि जस्ता विषम परिस्थितिका कारण उत्पादनमा ह्रास आएको बेला किसानहरूलाई सहुलियत प्रदान गर्ने कुरामा कुनै उदारता देखाउदैनथे । बरू पीडामाथि अझ पीडा थप्ने अन्यायपूर्ण कदम चाल्न सरकारी पक्षको भरणपोषण गर्दथे । समग्रमा तराईका अधिकांश किसान, मजदूर तथा श्रमिक परिवार राणाशासनको कोषभाजन बन्न पुगेका थिए । एउटै 'तुरूङ्ग' मा किसानहरूलाई सामूहिक सजाय दिएर सरकार जनताको पीडक, प्रताडक बन्ने गर्दथ्यो । सम्पूर्ण मधेश क्षेत्रमा किसानहरूको समान किसिमको परिस्थिति थियो । किसानहरू भित्रभित्रै जमिन्दार लगायत राणासरकारका पक्ष-पोषकहरूसँग असन्तुष्ट थिए । शिक्षा, चेतना, संगठन र हकहितको ज्ञान नभएको अवस्थामा आवाज उठाउन सकिरहेका थिएनन् ।

काशीबाबूले भारतीय स्वतन्त्रता संग्राममा सक्रिय सहभागिता जनाएको समयमा नेपालमा विद्यमान रहेका अधिकांश समस्याहरू त्यहाँ पनि मौजुद रहेको र ती समस्याहरूकै बीचबाट संगठन जन्माएको अनुभव थियो । उक्त संगठित जनआवाजका कारण भारतमा ३४७ वर्षभन्दा बढी समय राज गरेका अंग्रेजहरूलाई त्यहाबाट धपाएर भारत स्वतन्त्र बनाई स्वराज्यको अनुभव गरेको सुखद क्षण पनि संगालेका थिए । भारतका अधिकांश स्थानहरू भ्रमण गरेर जनचेतना जगाएको संघर्षको गाथासमेत उनले संगालेका थिए । ती सबै जीवन संघर्षका अनुभवहरू नेपाली माटोमा, स्वदेशको धर्तिमा पनि उपयोग गर्न उनी प्रतिबद्ध थिए ।

मधेशी जनतामा राणाशासन व्यवस्थाले विभेदपूर्ण व्यवहार गरेकै थियो । स्वतन्त्रता, समानता र नागरिक हक-अधिकारहरूको उपयोग गर्न दिइएको थिएन । लोककल्याणकारी राज्यव्यवस्थामा आधारित नभएर निरंकुशतायुक्त शासकीय प्रवृत्ति बनेको थियो । सबैभन्दा अत्याचारपूर्ण व्यवहारका कारण मधेश-प्रदेशका किसान, मजदूर तथा श्रमिकहरूको अवस्था चिन्ताजनक अवस्थामा पुगेको थियो । भूमिकरको बोझले उनीहरूको ढाड भाचिएको थियो । जमिन्दारहरूको शोषण र दमन, कर्मचारीहरूको व्यभिचार र अन्यान्य सही नसक्नु र कहिनसक्नु स्थितिमा थियो । जमिनको स्वामित्व किसान वर्गमा थिएन । झारा, वेठ-वेगार जस्ता निःशुल्क काम लगाएर मालिकको ढुकुटी भर्ने अमानुषिक कुप्रथाहरू समाजमा प्रचलित थिए ।

समाजमा देखिएका विभेद, कुप्रथा, विसंगति, अन्याय शोषण र अत्याचारजस्ता अस्वभाविक समाज विकासका बाधक मात्र थिएनन्, सभ्य समाजका परम शत्रुहरू थिए । ती सबै सामाजिक विसंगति र विभेदलाई चिर्नका लागि काशीबाबूले मधेशी जनतालाई विश्वासमा लिए । शोषण र दमनमा परेका वर्गलाई संगठित गरे, गरिबी र उत्पीडनमा परेका मानिसहरूलाई अन्यायका विरूद्धमा आवाज उठाउन जागरूक तुल्याए । किसानहरूलाई 'जसको जोत-उको पोत' जमिनमाथि कृषकको स्वामित्व, भूमिकरमा सहुलियत, विपद-सहजीकरण, मालपोत मिनाहा, कृषिमा आधुनिकीकरण, उत्पादनका आधारमा कर प्रणाली, चतुरभागी कुत प्रणाली, जिन्सीका वदला नगदी भुक्तानी लगायतका थुप्रै मागहरू राखेर राणाशासनको विरूद्धमा किसानहरूलाई आन्दोलित तुल्याए ।

झारा प्रथाको समाप्ती, निःशुल्क श्रमको अन्त्य, वेठ-वेगरको समाप्ती, कामको आधारमा दाम जस्ता आकर्षक तथा समसामयीक नाराहरू श्रृजना गरेर मजदूर तथा श्रमिकहरूलाई पनि आन्दोलनमा एकाकार बनाए । डा.के.आइ.सिंह, सिम्वनलाल सक्सेना, शेख-इद्रिस, देवशंकर कानू जस्ता सचेत, शिक्षित र साहसी युवाहरूले पनि काशीबाबूको अभियानलाई सघाए । ती युवामध्ये डा. के.आइ.सिंह पछि दलको सभापति हुँदै नेपालको प्रधानमन्त्री समेत बनेको ऐतिहासिक दृष्टान्त पाइन्छ ।

काशीबाबूले मधेशका अधिकांश इलाकाहरू भ्रमण गरे । पूर्वी तराईमा कालीप्रसाद गुप्ताले उनलाई राम्ररी सघाए । सीमावर्ती क्षेत्रमा बसेर सीमा रक्षा गरेका जनताको भुक्तमानका बारेमा जानकारी हाँसिल गरे । सीमापार अपराध, हिंसा-हत्या, चोरी डकैतीका बारेमा पनि तथ्यहरू संग्रह गरे । मधेशमा बसोबास गर्ने मधेशी जनता र पर्वतीय समाजका पहाडी नागरिकहरूका बीचमा हुने गरेको विद्वेषपूर्ण असमझदारीका सन्दर्भमा पनि सूचना एकत्रित गरे । मध्ये तराईक्षेत्रमा शेख इद्रिसले मधेशी हिन्दू तथा मुसलमान जनताको मौजुदा परिस्थितिका बारेमा जानकारी प्रदान गर्न अगुवाई गरे । त्यसै गरी नेपालगञ्जका देवशंकर कानू नाम गरेका सचेत युवाले पश्चिम तराईका समग्र विसंगतिहरूको चिनारी प्रस्तुत गरे । काशीबाबू ती सबै क्षेत्रहरूमा सशरीर उपस्थित भए । अन्यायमा परेका जनताको दुःख-कष्ट निराकरण गर्न योजना बनाए । चेतना फैलाए । संगठित गर्ने प्रयास गरे । देश-विदेशका सन्दर्भ, प्रसंग उठाएर जनतालाई आफ्ना हक र अधिकारको रक्षाका निमित्त आफ्नो मनबाट भय, त्रास, डर जस्ता विषयलाई हराएर अधिकतम साहसका साथ आन्दोलनमा कदम बढाउन सुझाए ।

मधेशी समुदाय र पर्वतीय समुदायका मानिसहरूमा समेत एकता, सहअस्तित्वबोध र सहयोगात्मक भावनाको कमी थियो । सरकारी सन्यन्त्रद्वारानै आपसमा मेलमिलाम नहोस भनेर विभाजित तुल्याउने काम भएको थियो । धर्म, जात, सम्प्रदाय, उचनीचको भावना, अश्पृश्यता, छोइछिटो जस्ता विभेदपयुक्त प्रसंगहरू व्याप्त बनाएर समाजको सदभाव खल्बल्याउने कार्य पनि सरकारी पक्षबाट हुन्थ्यो । मेलमिलाप बिथोलेर द्वन्द चर्काउने र विभाजित जनतामा आफू सर्वेसवर्ग बनेर शासन गर्ने प्रवृत्ति सत्तासीनहरूको दैनिकी जस्तै बनेको थियो । काशीबाबूले सरकारी रवैयाको फेहरिस्त प्रस्तुत गर्ने, तुलना गर्ने र जनतालाई विभाजित गरेर सत्ताको रशस्वादन गर्ने राणाशाही व्यवस्थाको विभेदपूर्ण, विखण्डनयुक्त मनसायको खुलेर विरोध गरे । जनतामा मेलमिलाप र सहअस्तित्वबोधका आधारमा सद्भावपूर्ण व्यवहारलाई अधिकतम प्रश्रय दिन प्रेरित गरे ।

**मधेशी र पहाडी समुदाय :**

औलो, विषमज्वर, कालाज्वर जस्ता महामारीसँग जुधेर मधेशमा बसोबासको थलो बनाएका मधेशी जनताहरूको संघर्षको गाथा स्तुतिग्राहय लाग्छ । कर्मयोगी मधेशी नागरिकहरूले खेलेको भूमिका, पुऱ्याएको योगदान र प्राप्त गरेका उपलब्धीहरूले गर्दा मधेश क्षेत्र अमृतमय उत्पादनको उर्वरभूमि साबित भएको छ । कुनैसमय नेपाली जनतालाई पुग्ने भरको अनाज त्यहीँ उत्पादन हुने गर्दथ्यो । त्यतिमात्र नभएर बाह्य क्षेत्रमा निर्यात पनि हुने गरेको थियो । राणाकालमा पनि गोरखपुरसम्म धान निर्यात भएको दृष्टान्त पाइन्छ । कृषि, पशुपालन, उद्योग-धन्दा, व्यापार-व्यवसाय तथा रोजगारीका अनेक क्षेत्रमा प्रवेश गरेर मधेशका जनताले आफ्नो आजीविका चलाएका छन् । त्यसैगरी विभिन्न उद्देश्यका साथ मधेशको मैदानी समथर भूभागमा विविध क्षेत्रबाट प्रवेश गरेर पर्वतीय समुदायका पहाडी जनताहरूको बसोबास पनि यसक्षेत्रमा बाक्लै छ । राणाकालमा यी दुवै समुदायका बीचमा प्रतिद्वन्दिता चर्काइएको थियो । पारस्परिक मनमुटाव बढाएर एक अर्कामा फुट पैदा गरी उनीहरूलाई कमजोर पार्ने र शासन गर्ने सत्तापक्षको मनसुवा रहन्थ्यो । एकता हुन नदिने, एकता खल्बल्याई दिने, साम्प्रदायिकता भड्काई दिने जस्ता दुषित मनोग्रन्थीले सद्भावना बिथोलिने गरेको थियो । काशीबाबूले सरकारी रवैयाको कारण जनता-जनतामा मनोमालिन्य बढेको हुनाले हामी आफै कमजोर भैरहेका छौ र शत्रुले हामीमाथि सहजै राज गरिरहेको छ भनेर दुबै समुदायलाई एकाकार हुन, मेलमिलाप बढाउन र प्रजातान्त्रिक संघर्षमा मन, वचन र कर्मले सघाउन अभिप्रेरणा जगाए । फलस्वरूप सामूहिक सद्भावका साथ मधेशी र पहाडी समुदायले विराटनगर, वीरगञ्ज,जनकपुर तथा नेपालगञ्जमा राणाशाहीका विरूद्ध सामूहिक कदम चाले ।

*क्रमशः.....*

## संक्षिप्त समाचार

### नेपाली सेनाद्वारा न्यानो वितरण सुरू

महोत्तरी । केही दिनदेखि तराई-मधेशका जिल्लामा सुरू भएको शीतलहर तथा जाडोबाट बच्नका लागि नेपाली सेनाले न्यानो वितरण सुरू गरेको छ । नेपाली सेनाले दाउरा बालेर न्यानो प्रदान गर्न सुरू गर्नुका साथै चियासमेत दिने गरेको छ । जलेश्वरमा जिल्ला अवस्थित नेपाली सेनाको फस्ट राइफल गणले मंगलबार बिहान चार स्थानमा दाउरा बालेर सर्वसाधारणलाई न्यानो प्रदान गरेको स्थानीयवासीले बताएका छन् । त्यस्तै, सर्वसाधारणलाई नेपाली सेनाले तातो चियासमेत बाँडेको जनाइएको छ । नेपाली सेनाले जलेश्वरको दुर्गाचोक, शंकरचोक, बुद्धिजीवीचोक र खैराचोकमा दाउरा बालेर र चिया पिलाएर न्यानो बाँडेको गणका प्रमुख सेनानी कृष्ण खड्का क्षेत्रीले बताए ।

### निकुञ्जद्वारा नेपाली सेनालाई ध्यानाकर्षण

वीरगन्ज । निकुञ्जभित्र रहेका जनावरलाई आवतजावत गर्ने मार्गलाई ध्यानमा राखी निजगढ-काठमाडौं द्रुतमार्ग निर्माण गर्न पर्सा राष्ट्रिय निकुञ्जले नेपाली सेनालाई ध्यानाकर्षण गराएको छ । पर्सा राष्ट्रिय निकुञ्जबाट निस्कने हात्ती, गैंडा, बाघलगायतका जनावर बकैया नागमणि सामुदायिक वन क्षेत्रको बाटो भएर आवतजावत गर्ने भएकाले द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माण गर्दा करिब एक किमीसम्म हाइब्रिज वे बनाउनुपर्ने सुझाव दिएको हो । निकुञ्जभित्र रहेका हात्ती, बाघ, गैंडालगायतका जनावरले वर्षौंदेखि प्रयोग गर्दै आएको मार्गमा द्रुतमार्ग बन्न लागेपछि निकुञ्जले चासो देखाएको हो ।

### कठ्याङ्ग्रिएर एकको मृत्यु

कपिलवस्तु । केही दिनदेखि बढेको शीतलहर तथा जाडोका कारण कठ्याङ्ग्रिएर एक जनाको मृत्यु भएको छ । शिवराज नगरपालिका चन्द्रौटामा जाडोले कठयाङग्रिएर एक अज्ञात व्यक्तिको मृत्यु भएको हो । चन्द्रौटाको फफुरी कम्पलेक्स अगाडि परिचय नखुलेको दाह्री पालेका अन्दाजी करिब ४५ वर्षीय पुरूषको मृत्यु भएको वडा प्रहरी कार्यालय चन्द्रौटाले जानकारी दिएको छ । करिब तीन, चार महिनादेखि चन्द्रौटामा मागेर खाने सडकको पेटीमा रात बिताउँदै आएका मानसिक सन्तुलन बिग्रेका ती पुरूषको जाडोका कारण मृत्यु भएको हो ।

### नगद चोरी

बाँके । नेपालगंज उपमहानगरपालिका-४ बौद्ध गुम्बा डेरा गरी बस्ने रूपन्देहीको भैरहवा घर भएकी गिता गुरूङको डेराबाट मंगलबार नगद ५ लाख चोरी भएको छ । फरार चोरहरूको प्रहरीले खोजतलास गर्नुको साथै आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ग्यास लिक भई आगलागी

मोरङ । बिराटनगर महानगरपालिका-४ नगरपालिका ढाटस्थित भिमबहादुर बस्नेतको घरमा मंगलबार खाना पकाउने क्रममा ग्याँस लिक भई आगलागी हुँदा करीब २ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ । स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पर्खाल भत्किँदा एकको मृत्यु, तीन घाइते

मोरङ । विराटनगर महानगरपालिका-४ केशलियामा निर्माणाधिन अवस्थामा रहेको म्याजिक चप्पल फ्याक्ट्रीको भवनको पर्खाल भत्किँदा एक महिलाको मृत्यु भएको छ । फ्याक्ट्रीका कामदार सुनसरीको दुहबी भलुवा नगरपालिका-१३ पूर्व कुसाहा बस्ने ४५ वर्षीया कलावतीदेवी चौधरीको पर्खालले थिचेर आइतबार घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त दुर्घटनामा विराटनगर महानगरपालिका-४ बस्ने ५० वर्षीय रतन माझी सहित ३ जना घाइते भएकोले उपचारको लागि नोबेल अस्पताल बिराटनगरमा लिएको छ ।

### लागूऔषधसहित दुई पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१ धम्बोझी बस्ने ३५ बर्षीय गुड्डु शेख र ३५ बर्षीय मेराज नदापलाई प्रहरीले लागूऔषध ब्राउन सुगर १ ग्राम सहित पक्राउ गरेको छ । नेपालगंज नर्सिङहोममा खुट्टामा चोट लागि इमरजेन्सीमा चेकजाँच गराउन आएका उनीहरूलाई सोमबार प्रहरीले शंका लागि चेकजाँच गर्दा गुड्डु शेखको साथबाट उक्त ब्राउन सुगर बरामद भएको थियो ।

### रौतहटमा आगलागीबाट डेढ लाखको क्षति

रौतहट । रौतहटमा आगलागी हुँदा डेढ करोडभन्दा बढीको क्षति भएको छ । फतुवा बिजयपुर नगरपालिका-२ बस्ने जयकुमार राय यादबको घरमा बुधबार आगलागी भएको थियो । सो आगलागीबाट करीब १ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ ।

### प्रतिबन्धित औषधि बरामद

नेपालगन्ज । नेपालगन्जको जमुनाहा नाकाबाट सशस्त्र प्रहरीले प्रतिबन्धित औषधि बरामद गरेको छ । भारतबाट नेपाल भित्र्याइँदै गरेको उक्त औषधि बरामद गरेको हो । जमुनाहा नाकानजिक रहेको भन्सार कार्यालय अगाडिबाट रिक्सामा राखेको अवस्थामा ठूलो मात्रामा सशस्त्र प्रहरीले प्रतिबन्धित औषधि बरामद गरेको छ ।


# सामाजिक सुरक्षा कोष : जानकारीमूलक सूचना

मर्यादित जीवन र सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षाको अवधारणानुरूप नेपालको संविधान, २०७२ को धारा ३४ (२) ले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धि हकको प्रत्याभूति गरेको छ ।

विगत लामो समयदेखि सञ्चयकोष तथा नागरिक लगानी कोषको स्थापना भई राष्ट्रसेवक कर्मचारी तथा अन्य योगदानकर्ताहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान गरिदै आएको देखिन्छ भने आर्थिक तथा सामाजिकरूपमा जोखिममा रहेका नागरिकहरूका लागि आर्थिक वर्ष ०५१/५२ देखि राज्यका तर्फबाट सामाजिक सहायताका कार्यक्रमहरू (वृद्ध भत्ता, एकल महिला भत्ता, अपाङ भत्ता, आदि) सञ्चालन हुँदै आएको पाइन्छ ।

आर्थिक वर्ष ०६६/६७ देखि सामाजिक सुरक्षा करको अवधारणा आउनुका साथै वि.सं. २०६७ चैत्र ७ गते सामाजिक सुरक्षा कोष स्थापना भई कार्य प्रारम्भ भएको हो ।

सामाजिक सुरक्षा कोषको स्थापनापछि श्रमिकको योगदानमा आधारित सामाजिक सुरषाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लागू भएको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले श्रमिकको योगदानमा आधारित भई औषधि उपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, अशक्तता सुरक्षा, वृद्ध अवस्था सुरक्षा, आश्रित परिवार सुरक्षा, बेरोजगार सहायता लगायतका ७ वटा सुरषा योजना सञ्चालन गर्न सक्ने व्यवस्था (दफा १०) गरेको छ ।

प्रस्तुत सन्दर्भमा, ऐनमा उल्लिति योजनाहरू कार्यान्वयनमा ल्याई सुविधा प्रदान गर्ने तयारीमा सामाजिक सुरक्षा कोष रहेकोले सम्बन्धित सबै रोजगारदाता र श्रमिकहरूले समयमै सूचिकृत भई दिनु हुन तथा सक्रिय सहयोग र सहभागिताको लागि सरकारी, गैरसरकारी, नीजि क्षेत्र, नागरिक समाज एवं अन्य सम्बद्ध सबै सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सामाजिक सुरक्षा कोष**
**बबरमहल, काठमाडौं**



**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,**

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउँदै बालबालिकाहरूलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरून्त उपचारको लागि जाने बानीको विकास गरौं ।
- शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं ।
- चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरून्तै सम्पर्क गरी औषधोपचार गर्न लैजाऔं ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व समुदाय...

# "हफिज सईदको अवाञ्छित कार्य"

-अल्लाबक्श

अमेरीकालाई राम्ररी थाहा छ कि ट्रम्प प्रशासनले हफिज सईदलाई मुक्त गरेपछि त्यसलाई गिरफ्तार गरेर उसमाथि कारबाही गर्ने सम्बन्धमा जस्तो बलियो वक्तव्य दिए पनि पाकिस्तानले उसको आग्रहलाई वास्ता गर्ला भनेर भन्न सकिन्न । किनकि इस्लामाबाद लगायत देशका विभिन्न भागमा र सरकारविरूद्धमा समेत उसद्वारा निर्देशित एक नियन्त्रित धार्मिक अतिवादी संगठनहरूले व्यापक स्तरमा विरोध प्रदर्शन गर्दै आएको छ । लाहौर उच्च न्यायालयले अमेरीकी कांग्रेसको निर्णय अनुरूप हफिज सईदलाई मुक्त गर्ने आदेश र निर्णय गर्नुको उद्देश्य पाकिस्तानका हक्कानी संगठनले अमेरीका र अफगानिस्तान माथि आक्रमण गर्नु रहेको थियो, यस्तो होइन कि भारत केन्द्रित पाकिस्तानका आतंकवादी संगठनहरूलाई त्यसबाट असम्वद्ध राख्न निमित्त गरिएको थियो । वाशिंगटनले यो पनि चेतावनी दिएको छ कि सईदलाई पुनः गिरफ्तार गरी उसमाथि कारवाहि गर्दा त्यसले अमेरीका र पाकिस्तान सम्बन्धलाई नराम्ररी प्रभावित गर्दै पाकिस्तानको प्रतिष्ठा माथि समेत नराम्रो प्रभाव पार्नेछ । ६४ वर्षीय हफिज सईद पाकिस्तानी सेनाको सबभन्दा महत्वपूर्ण अनुभाग रही भारतविरूद्धको निरन्तरको छद्‍मयुद्धमा सघाउँदै आएकोले अदालतले पनि भारतविरूद्धको आतंकवादी क्रियाकलापमा कुनै संलग्नता नरहेकोले उसलाई उन्मुक्ति दिने फैसला गरेको छ । स्पष्ट रूपमा भन्ने हो भने अमेरिकालाई पाकिस्तानका आतंकवादी संगठनहरूले भारतविरूद्ध गरी रहेका आतंकवादी क्रियाकलापहरूसँग कुनै चासो रहेको छैन केवल पाकिस्तानी आतंकवादी संगठनहरूले अमेरिका र अफगानिस्तानलाई आफ्नो लक्ष्य नबनाओस् र त्यसैले गर्दा पाकिस्तानप्रति नरम दृष्टिकोण अपनाउँदै आएको छ । हफिज सईदको पाकिस्तानमा जनसमर्थन रहेको मात्र होईन कि त्यसले गर्दा त्यहाँको सरकारले समेत उसलाई पाकिस्तानमा स्वतन्त्र भएर हिड्न र भारतविरूद्ध चलखेल गर्न प्रोत्साहित गर्दै आएको छ । त्यसैले हफिज सईदमाथि कहिले पनि अपराधिक आरोप नलगाई आजीवन स्वतन्त्र रूपले अघि बढ्न प्रेरित गर्दै आएको छ । त्यस बाहेक उसले भारतविरूद्ध अर्को आक्रमण गरी रहोस् भनेर पाकिस्तानले कहिले पनि अमेरीकाको माग अनुरूप उसलाई गिरफ्तार गर्ने प्रश्न नै आउँदैन । मुम्बई आक्रमणको नौ वर्ष पछि पनि पाकिस्तानी अदालतहरूले उसको विरूद्ध आतंकवादी क्रियाकलापमा संलग्नता रहेको कुनै प्रमाण नरहेको पुष्टि गरेको छ जबकि हफिज सईद २६/११ मा मुम्बुईमाथि भएको आक्रमणको मुख्य नाईके रहेको कुरा विश्व स्तरमा ज्ञात रहेको छ वा विश्वले नै ठम्याई सकेको छ ।



अमेरिकालाई राम्ररी थाहा छ कि पाकिस्तानले हफिज सईदलाई कहिले पनि सजाय दिन अदालतमा उभ्याउँदैन ? यदि उसले त्यस प्रति चासो राखेको भए अमेरीकी संसदले पाकिस्तानका लश्कर-ए-तैयबा र जैश-ए-मोहम्मद जस्ता आतंकवादी संगठनहरू भारतविरूद्ध संचालन गर्दै आएका आतंकवादी क्रियाकलापहरूको बेवास्ता गर्ने थिएन । हालै उसले पाकिस्तानी सेनाको कार्यक्रमलाई जुन आर्थिक सहयोग गरेको छ त्यो पनि गर्ने थिएन ? पाकिस्तानले अन्तत : यो महशूश गरी सकेको छ कि उसले अमेरिकाको चापलूसी र छद्‍म प्रशंसा नगरेसम्म आफूलाई न सुरक्षित राख्न सक्छ न अघि नै बढ्न सक्छ । तर चीनले पाकिस्तानका लागि केही गरेको छ भने त्यसको परिधि सीमित रहेको छ र सबभन्दा महत्वपूर्ण कुरो यो छ कि चीन कहिले पनि विश्व स्तरमा पाकिस्तानको प्रतिष्ठालाई अघि बढ्न दिने कार्यमा सघाउने छैन । विगत जस्तै पाकिस्तानले अमेरिकालाई धोका दिँदै आएकोछ जबकि उसको विशेष आतंकवादी संगठन हक्कानीले खासगरीकन अमेरीकाविरूद्ध आतंकवादी क्रियाकलाप संचालन गर्न शुरू गरी सकेको छ ? पाकिस्तान त्यो देश हो जसले वाशिगंटनसँग सम्पर्क बढाउन आफ्नो आतंकवादीहरूलाई बेच्दै आएको छ ? किनकि हक्कानी संगठन बिना पाकिस्तान अफगानिस्तानको मालिक बन्ने प्रयास पूरा गर्न सक्छ भन्ने कल्पना गर्न अविवेकपूर्ण कार्य नै हुनेछ ? वास्तवमा भन्ने हो भने भारतविरूद्ध आतंकवादी गतिविधि संचालन गर्ने आतंकवादी संगठनहरूसँग अमेरिकाको कुनै चासो रहेको छैन, उसको चासो अमेरिका र अफगानिस्तान विरूद्ध हफिज सईद नियन्त्रित आतंकवादी संगठन हक्कानीसँग रहेको छ । यो निश्चित छ कि हफिज सईदलाई मार्नु वा उसलाई वा उसका कार्यकर्ताहरू अमेरिकाद्वारा केही गरिएमा त्यसले अमेरिका विरूद्ध पाकिस्तान र त्यहीको सरकारमा ठूलो उत्पात मचाई दिनेछ र त्यसले नागरिक सरकारलाई कमजोर तुल्याउँदै अतिवादी संगठनहरूलाई झन् बलियो बनाई दिनेछ । र अन्ततः सेना र मुल्जाहरू मिश्रित संगठनले परमाणु-अस्त्र भएको दुष्ट राष्ट्रमाथि पूर्ण रूपमा आफ्नो अधिपत्य समेत जमाउन सक्नेछ ? त्यसैले अमेरिकाले पाकिस्तानविरूद्ध केवल बलियो वक्तव्य दिएर धोखाबाज पाकिस्तानसँग केही राम्रो अपेक्षा गर्नु ठूलो भूल तथा गल्ती हुनेछ । अब अमेरिकाले पाकिस्तानलाई दिने हरेक प्रकारको सहयोग पूर्ण रूपमा बन्द गर्ने प्रयास शुरू गरी दिनु पर्छ । यदि अमेरिका चाहन्छ भने उसले पाकिस्तानले आतंकवादको बाटो परित्याग गरोस् भन्ने प्रकारले उसमाथि सशक्त दिने कार्य समेत शुरू गरिदिनु पर्छ । *–एजेन्सी*

## पत्रपत्रिकाबाट...

# आर्थिक विकासमा ओरालो लाग्दै प्रदेश नम्बर-२

शीतलप्रसाद महतो

जनकपुर । आर्थिक विकास र समृद्धिका दृष्टिकोणले प्रदेश नं २ ओरालो लाग्दो अवस्थामा देखिएको छ । राजनीतिक अस्थिरता, सुशासनको कमी, सुरक्षा र लगानीमैत्री वातावरणको अभाव, सिँचाइको अपर्याप्तता तथा बेरोजगारी जस्ता कारण यो प्रदेश आर्थिक रूपले कमजोर देखिएको हो ।

विगत डेढ दशकको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने प्रदेश नं २ अन्तर्गतका सबै जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दथे । तर पछिल्लो समयमा यो प्रदेशअन्तर्गतका आठ जिल्लामध्ये तीन जिल्ला मध्यम समृद्धि स्तर र तीन जिल्ला न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा परेका छन् । महोत्तरी र सर्लाही मात्र उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा छ ।

यसो हुनुका प्रमुख कारण राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाज सहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न नसक्नु र भ्रष्टाचार र अनियमितता मौलाउनु रहेका अर्थशास्त्रका ज्ञाताहरूले बताएका छन् ।

'राजनीति व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन नसक्नाका कारण नै यो प्रदेशको आर्थिक विकास र समृद्धि झन् ओरालो लाग्दो अवस्थामा देखिएको हो,' अर्थशास्त्री प्रा.इन्दुशेखर मिश्रले भने, 'राजनीतिको सम्बन्ध जनताको जीवनस्तर, आर्थिक उन्नति र प्रगतिसँग नरहेकाले नै यो प्रदेशको आर्थिक विकास र समृद्धि ओरालो लाग्दो अवस्थामा पुगेको हो ।'

केन्द्रीय तथ्याँक विभागका अनुसार २१ प्रतिशतभन्दा कम गरिबीको दर भएका जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दछन् भने ३१ प्रतिशतभन्दा बढी गरिबीको दर भएका जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लामा पर्दछन् । यसअनुसार, सप्तरी ३९.५, सिरहा ३४.६, धनुषा २३.१, महोत्तरी १६.२, सर्लाही १७.७, रौतहट ३३.४, बारा २९.९ र पर्सा २९.२ प्रतिशत गरिबीको दर भएको जिल्लामा पर्दछन् ।

विभागको नेपालमा गरिबीको लघु क्षेत्र अनुमान प्रतिवेदनले राजनीतिले मात्र मुलुकको आर्थिक तथा सामाजिक विकासलाई डोऱ्याउन नसक्ने देखाएको छ । सो प्रतिवेदनले २०५८ सालमा तराईका सप्तरी, सिरहा,धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा उच्च समृद्धि स्तर भएको जिल्लामा परेको देखाएको छ । तर विकेन्द्रीकृत शासन प्रणालीको अवधारणालाई प्रभावकारी रूपमा व्यवहारमा लागू गर्न नसक्नु र कुनै विशेष जातिको मात्र राज्य संयन्त्रमा बढी वर्चस्व रहनु र राज्यको स्रोतमा पनि उनीहरूकै हालीमुहाली कायम रहनाले विस्तारै यी जिल्ला मध्यम र न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्न गएको हो ।

यसका साथै राज्यबाट सामाजिक, आर्थिक र राजनीतिक रूपमा भएको विभेद तथा सामाजिक न्याय र समतामूलक समावेशी आर्थिक विकासका लागि भएको लामो मधेश आन्दोलनका कारण पनि यो प्रदेशमा गरिबी र बेरोजगारी दर बढाएको छ । झण्डै ६ महिनाको निरन्तर मधेश बन्द र पाँच महिनाको नाका अवरोधका कारण यो प्रदेशमा गरिबीको सङ्ख्यामा अझ वृद्धि भएको हुनसक्ने अनुमान यहाँको अर्थशास्त्रीको छ ।

यसका साथै तत्कालीन अवस्थामा माओवादी र तराईमा आन्दोलनरत सशस्त्र समूहले चन्दा आंतक सृजना गरेपछि स्थानीय धनाढ्य त्यहाँबाट विस्थापित हुन बाध्य भए । चन्दा आतंक एवम् सम्पत्तिको सुरक्षा नहुनुजस्ता कारणले स्थानीय व्यापारी र धनाढ्य वर्ग नजिकको बजारतिर सरेर व्यापार व्यवसाय गर्न थाले । तराई मधेशका बजार विस्तारै संकुचित हुँदै गए, सम्पन्न एवम् मध्यमवर्गको बसाइँसराइले औसत समाज झन् गरिब हुँदै गयो । तराई मधेशका जनताको जीवनस्तर बढ्नुको साटो झन् ओरालो लाग्न थाल्यो ।




**तराई मधेशका बजार विस्तारै संकुचित हुँदै गए, सम्पन्न एवम् मध्यमवर्गको बसाइँसराइले औसत समाज झन् गरिब हुँदै गयो ।**

विभागका अनुसार सबैभन्दा बढी गरिबी बढेको जिल्ला सप्तरी हो । वि.सं २०५८ मा १५औं स्थानमा रहेर उच्च समृद्धि स्तरको जिल्ला विगत डेढ दशकयता न्यून समृद्धि स्तर भएको जिल्लाको श्रेणीमा झरेर ६२औं स्थानमा ओर्लेको छ । उक्त अवधिमा सप्तरीको गरिबी दर ११.५ प्रतिशतले बढेर ३९.५ प्रतिशतमा आइपुगेको छ । वि.सं २०५८ सालमा सप्तरीको गरिबी दर २८ प्रतिशत मात्र थियो ।

राजनीतिक अस्थिरता र सुरक्षाको कमीले बजार सर्नु र आर्थिक गतिविधि घट्दै जानुको असर सिरहा, धनुषा र रौतहटमा पनि परेको देखिन्छ । डेढ दशकयता उच्च समृद्धि स्तर भएका जिल्लाबाट सिरहा र रौतहट न्यून समृद्धिस्तर तथा धनुषा मध्यम समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा झरेको छ ।

प्रदेश नं २ अन्तर्गतका जिल्लाको मानव विकास सूचकाँकसमेत गिर्दो अवस्थामा रहेका छन् । यस्तो अवस्थामा देखिएको राजनीतिक अस्थिरताले त झन् २ नं प्रदेशको अर्थतन्त्रको अवस्था झन् संकटग्रस्त हुने प्रायः निश्चित छ । 'आर्थिक रूपान्तरणको अनुभूति गराउन नसक्नु र जनताको जीवनस्तर बढाउन नसक्नुमा आर्थिक मुद्दामा राजनीतिक दलले आँखा चिम्लने प्रवृत्ति नै बढी जिम्मेवार भएको देखिन्छ,' वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष प्रदीप केडियाले भने, 'राजनीतिक र आर्थिक मुद्दासँगै जानुपर्नेमा राजनीतिक दल विकासभन्दा राजनीतिमा नै बढी केन्द्रित भएकाले पनि जनताको जीवनस्तर बढन नसकेको हो ।'

हुन त नेपाललाई अतिकम विकसित मुलुकबाट सन् २०२२ सम्ममा विकासशील मुलुकको सूचीमा स्तरोन्नति गर्ने लक्ष्य सरकारको छ । तर झण्डै एक चौथाइ जनता गरिबीको रेखामुनि बसोबास गरिरहेको, पूर्वाधार विकास अत्यन्त न्यून रहेको, मुलुकको समग्र कुल गार्हस्थ्य उत्पादन ( जिडिपी)को आकार सानो रहेको र त्यसमा पनि आर्थिक वृद्धि दर अत्यन्त कमजोर रहेको अवस्थामा सरकारले लिएको सो लक्ष्य अत्यन्त महत्वाकांक्षी रहेको बुझाइ धेरैको छ । उक्त लक्ष्य पूरा गर्नका लागि भए पनि २ नं प्रदेशको आर्थिक विकास र समृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यसका लागि गरिब, विपन्न र आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोतसाधन माथि पहुँच पुर्याउन जरूरी देखिएको छ ।

## जिल्ला समाचार

### रूपन्देहीलाई राजधानी बनाउन माग

चन्द्रकान्त खनाल, रूपन्देही । लुम्बिनी अञ्चलका व्यावसायिक संघ संस्थाहरूले ५ नम्बर प्रदेशको राजधानी रूपन्देही बनाउन माग गरेका छन् । बुटवल उद्योग वाणिज्य संघको आयोजनामा आइतवार बुटवलमा भएको व्यावसायिक संघसंस्थाहरूको संयुक्त बैठकले सुगमता, पूर्वाधार विकास र बुद्धजन्मस्थलसहित ऐतिहासिक जीतगढी किल्ला भएको रूपन्देही प्रदेश राजधानीका लागि उपयुक्त भएको ठहर गर्दै प्रदेश राजधानी तोक्न सरकार र राजनीतिक दलहरूलाई आग्रह गर्ने निणर्य गरेको छ । बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष खिम बहादुर हमालको अध्यक्षतामा भएको बैठकलेरूपन्देहीमा प्रदेश राजधानिको माग गर्दै नेपाल सरकारसहित राजनीतिक दलहरूलाई ज्ञापन पत्र बुझाउने निर्णय गरेको छ ।

### निर्वाचित जनप्रतिनिधिको सम्मान

वीरगञ्ज । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पर्सा जिल्लाबाट निर्वाचित प्रतिनिधि र प्रदेशसभा सदस्यहरूलाई निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सन प्रालिले स्वागत तथा सम्मान गरेको छ । शनिबार साँझ वीरगञ्जमा एक समारोहबीच कम्पनीले उनीहरूलाई बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको कामना गरेको हो । कम्पनीका प्रबन्ध निर्देशक सुमित रौनियार र मधेश आन्दोलनका सहिद शत्रुधन पटेलकी आमा कुश्मी देवीले पर्सा क्षेत्र नं. का प्रनिनिधिसभा सदस्य प्रदीप यादव, २ का विमलप्रसाद श्रीवास्तव, ३ का हरिनारायण रौनियार र ४ बाट निर्वाचित लक्ष्मणलाल कर्णलाई कार्यक्रममा सम्मान गरे । कार्यक्रममा पर्साबाट निर्वाचित प्रदेशसभा सदस्यहरू जन्नत अन्सारी, लालबाबु राउत गद्दी, रमेशप्रसाद कुर्मी, अब्दुल रहिम अन्सारी, प्रह्लाद गिरी र सिंहासन कलवारलाई पनि सम्मानित गरिएको थियो । सम्मानितहरूलाई दोसल्ला ओढाएर बधाईपत्र प्रदान गरिएको थियो ।

### राजधानी बनाउन नेताहरू एकमत

कपिलवस्तु । कपिलवस्तुलाई प्रदेशको राजधानी बनाउन प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य लगायत जिल्लाका सम्पूर्ण नेताहारू एकमत भएका छन् । सम्बन्धित प्रदेशसभाको दुई तिहाई बहुमतले निर्णय गरेको ठाउँलाई प्रदेश राजधानी तोकिने संवैधानिक व्यवस्था भए पनि कपिलवस्तुका नवनिर्वाचित सांसद तथा विधायकहरूले प्रदेश राजधानी कपिलवस्तु बनाउने प्रतिबद्धतालाई जोडतोडका साथ उठाएका छन् । प्रदेश नम्बर ५ को राजधानी कहाँ भन्ने बहसले खासगरी तराईका ३ जिल्ला रूपन्देही, कपिलवस्तु र दाङलाई तताएको छ । आर्थिक रूपमा सबल मानिएका रूपन्देही र दाङको बीचमा रहेको कपिलवस्तुलाई खुल्ला संग्रहालय भन्दै प्रदेश राजधानीका लागि उपयुक्त भएको तर्क यहाँका राजनीतिक नेताहरूले गरेका छन् ।

### वडा भेला सम्पन्न

रौतहट । पुस मसान्तभित्र गौर नगरपालिकाको नगर परिषद् सम्पन्न गर्ने लक्ष्यसहित गौर नगरपालिकाले आफ्नो मातहतका वडा कार्यालयहरूलाई दिएको आदेशानुसार गौर नगरपालिका वडा नम्बर १ को वडा भेला मंगलबार सम्पन्न भएको छ । सो वडाका वडा अध्यक्ष भरत साहको अध्यक्षतामा सम्पन्न भएको वडा भेलामा उपस्थित स्थानीयहरूबाट वडाको समग्र विकासका निम्ति विभिन्न योजनाहरू छनौट भएका छन् । स्थानीयहरूद्वारा वडाको विकासका लागि ठोस योजनाहरू संचालनमा बढी जोड दिइएको पाइएको छ । भेलाबाट मुख्य योजनाहरूमध्ये वडामा रहेको छठ घाट, मठ मन्दिर, सामुदायिक विद्यालय, सडक, नाला, ताल र पोखरीको सोन्दर्यीकरण तथा स्तरोन्नती माथी बढि जोड दिइएको छ भने भेलामा उपस्थित महिलाहरूले खुल्ला दिसामुक्त क्षेत्र घोषणा लगायत आत्मनिर्भरताका लागी शिपमुलक तालिम, सरसफाई माथी बढि जोड दिएका थिए ।

### बुटबलमा पर्यटन महोत्सव सुरू

बुटवल । बुटवलमा बिहीबारदेखि १४औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०७४ सुरू भएको छ । महोत्सवमा २० करोडभन्दा बढीको कारोबार हुने आयोजकले बताएको छ । पुस ६ गते देखी १८ गतेसम्म बुटबलको रामनगरमा सञ्चालन हुने उक्त प्रदर्शनीमा औद्योगिक प्रविधि, सूचना प्रविधि, रेष्टुरेन्ट, अटो, कृषि, हस्तकला, फलोरिकल्चर, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छाला जुत्ता, खाद्यान्न, आइटी लगायतका गरी ५ सय स्टल रहने छन् । यस पटकको प्रदर्शनीमा ६ लाख दर्शकले अवलोकन गर्ने र २० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको प्रदर्शनीका सहसंयोजक तथा रूपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष गणेशप्रसाद अधिकारीले बताए ।

### च्याउ फर्म स्थापना

कैलाली । देशकै नमूना च्याउ फार्मका रूपमा कैलालीको धनगढीमा पहिलो पटक ठूलो लगानीमा च्याउ फार्म स्थापना भइरहेको छ । छिटपुटका रूपमा हुने गरेको च्याउ खेतीलाई कतिपय कृषकले पछिल्लो समय व्यावसायिक रूपले खेती गर्न गईरहेको धनगढीमा देश तथा विदेशमा समेत निर्यात गर्ने लक्ष्यसहित स्थापना भइरहेको च्याउ फार्मको संरचना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने सँगै च्याउको बीउ रोप्ने काम पनि सुरू भइसकेको छ । धनगढी उपमहानगरपालिका-१२ मा ओम केदार च्याउ तथा तरकारी फार्मले सरकारको ६५ लाख अनुदान र आफ्नो करिब ४३ लाख रूपियाँको लगानीमा च्याउ फार्म सञ्चालनमा ल्याउँदैछ ।

### खैरो हिरोइनसहित सात पक्राउ

कैलाली । टीकापुरस्थित इलाका प्रहरी कार्यालयले लागुऔषध खैरो हिरोइनको कारोबारमा संलग्न सातजनालाई पक्राउ गरेको छ । उनीहरूबाट ४७ ग्राम खैरो हिरोइन बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा कैलाली टीकापुर नगरपालिकाका खगेन्द्र गिरी, वीरबहादुर चौधरी, धनगढी उपमहानगरपालिका, जुगेडा गाउँका उदय थापा, काठमाडौंका सन्तोष शाही, कर्मा शेर्पा, दीपेश स्याङ्बो तामाङ र नविन लामा तामाङ छन् । काठमाडौं घर ठेगाना भएका चारजनालाई काठमाडौं प्रहरीको समन्वयमा टीकापुरबाट गएको प्रहरी टोलीले र अन्य तीनजनालाई कैलालीमै पक्राउ गरिएको हो ।


## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**


राष्ट्रपतिले संविधानबमोजिम आचरण गरेको भनी सिद्ध गर्नु पर्यो, कि अध्यादेश तुरन्त जारी गर्नु पर्यो । असंवैधानिक त गरेकै हो यार । **वृषेश चन्द्र लाल**


संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अनुसार अबको बाटो अवरूद्ध छ। तर, नेपालको विशेषता सहमतिको नाममा भागबण्डाको राजनीति भएकोले कोहि पनि खासै चिन्तित देखिदैन, तत्कालको लागि प्रचण्डलाई चिट्ठा पर्न सक्छ.। **देवेश झा**


'वैकल्पिक विचार र राजनीति' पक्षधर हरूले चुनावी नतिजाबाट निराश हुने पर्ने करण देख्दिन । 'विचार र पार्टी' को बिउ रोपिएको छ । बृहत्तर एकता, ध्रुवीकरणको प्रकृया र सु-संस्कारलाई जोड दिन सकिए बैकल्पिक राजनीतिको भबिष्य उज्जवल छ । **डम्बर खतिवडा**


नेपालमा जहाँ एउटा सानो सुचना लिन एक महिना जति दौडनु पर्ने हुन्छ यस्तो अवस्थामा समाजिक संजालमा संवैधानिक निकायका कुनै पदाधिकारीले प्रत्यक्ष वहस र सुचनाको आदान-प्रदान गर्नु भनेको लोकतन्त्रको सुदृढिकरण प्रकृयाको एक चरण हो । यसलाई महाअभियोग जस्ता धम्की दिनु लोकतन्त्रलाई कमजोर गर्नु हो । **मोहना अन्सारी**


वाम गठबन्धनका पक्षमा अहिलेको मतादेश नै पार्टी एकताका लागि हो । म भ्रममा छैन कि दुई पार्टीको अस्तित्व अलग रहन्छ । त्यस्तै मधेशमा ससफो र राजपा तालमेल होस् भन्ने मतादेश आएको हो । मिल्नुपर्छ भन्ने होइन । त्यसैले यसको सम्भावना नि म हेर्दिनँ । यद्यपि नेपाली राजनीतिमा जे पनि हुन सक्छ । **अनिल कुमार कर्ण**


आफैंले लेखेको संविधानको पटक-पटक हुर्मत लिनुभन्दा बरू संविधान संशोधन गरेर प्रस्तावनामै यसो लेखे जाती हुन्थ्या । दल सम्बद्ध स्वतन्त्र संविधान तथा कानूनविद्हरूले दलीय स्वार्थ अनुसार यो संविधानका प्रत्येक धारा एवं उपधाराको व्याख्या गर्न पाउनेछन् । **गनी अन्सारी**


शीतलहरले आमरूपमा – मूलत: तल्लो तप्काका मानिस, यातयात, खेतीपाती, र पशुपंक्षीमा – पार्ने प्रभावको न्यूनीकरण, र त्यसका लागि चाहिने संयोजन र व्यवस्थापन मधेशमा भखैरे निर्वाचित स्थानीय निकायको पहिलो परीक्षा हो । **नारायण सिन्धुलिया**


कुनै व्यक्तिलाई प्रोमोट गर्न आफ्नो अधिकारको लडाईलाई बञ्चित नगरौं, मधेशको भाषा मैथिली, थारू, भोजपुरी अवधि हो । मधेश अहिले पनि लडाँई लड्दैछ । तपाईहरूको मिथिला प्रेमप्रति अभार छु , मिथिलाको भूगोल भारतसम्म छ । मिथिलाको भूगोल मधेशभन्दा ठूलो छ । **कृष्णा सिंह**


प्रदेश २ मा कांग्रेस-एमाले अवसानोन्मुख भए भएपश्चात, तिनका कार्यकर्ताले वीरगंजलाई प्रदेश-२ को राजधानी बनाउने बखेडा झिक्दै जुन तिड़कम गर्दैछन् त्यो भनेको उनीहरू अब बाँकी रहेको आफ्नो कब्र आफै खोदी रहेको हो । **मुकेश झा**


समानुपातिकको मत देखाएर फेरि पनि कांग्रेस पार्टीको सांगठनिक सुधारको माग गर्ने कार्यकर्ताहरूलाई उपेक्षा, अपमान र धम्कीको बलमा पाखा लगाएर गुटको दोकान चलाइरहने प्रपञ्च अब चैं चल्नेवाला छैन । यति ठूलो आँधीले केही गुटाधीशहरूको 'फोहोरमैला' त बढाईछ, बढाईछ । **जुगल भुर्तेल**

# योगगुरू बाबा रामदेवद्वारा विधायक सम्मानित

काठमाडौं । संघीय समाजवादी फोरम नेपालका नेता तथा महोत्तरीबाट प्रदेशसभा सदस्यमा निर्वाचित कौशल कुमार यादवलाई योगगुरू बाबा रामदेवले सम्मान गरेका छन् ।


**योगगुरू बाबा रामदेव (दायाँ)सँग विधायक कौशल कुमार यादव ।**

पतञ्जली योगपिठ जनकपुर अञ्चलको मार्गदर्शक समेत रहेका यादव बिधायकमा विजयी भई बाबा रामदेवसंग आशिर्वाद लिन हरिद्वार पुगेका थिए । पतञ्जली योगपिठस्थित बाबा रामदेव निवासमा उनलाई दोसल्ला ओढाई बाबा रामदेव तथा आचार्य बालकृष्णले सम्मानित गरेका थिए ।

भेटघाटपछि बाबा रामदेवले यादवलाई जनतामा समर्पित भई देशको सेवा गर्न सुझाव दिएका थिए ।

भारत-नेपालको सम्बन्ध रोटिबेटिको सम्बन्ध रहेको र यसलाई अझै मजबुत बनाउँदै योगलाई माध्यम बनाउन बाबा रामदेवले सुझाएको हरिद्वारबाट विधायक यादवले जनाए ।

# एन्टाको अध्यक्षमा अरूण कुमार ठाकुर निर्वाचित

काठमाडौं । अष्ट्रेलियामा रहेको दक्षिणी भू भागमा बस्ने नेपाली तराईयनहरूको संस्था एशोसियशन अफ नेपलीज तराईयन ईन अष्ट्रेलिया (एन्टा)को अध्यक्षमा अरूण कुमार ठाकुर निर्वाचित भएका छन् । अष्ट्रेलियाको ग्रयान्भिलमा भएको एन्टाको अधिवेशनमा अरूण कुमार ठाकुर अध्यक्ष पदमा निर्वाचित भएका हुन् । अध्यक्ष पदका लागि अर्का प्रत्यासी वरूण लाल कर्णले आफ्नो उम्मेदवारी फिर्ता लिएपछि ठाकुर सर्वसम्मतिले अध्यक्ष पदमा निर्वाचित भए । उपाध्यक्षमा भने युवा व्यवसायी रंजित कुमार साह चुनिए । उनको विरूद्ध अर्को उम्मेदवारी नपरेपछि साह सर्वसम्मतिले नै उपाध्यक्षमा चुनिएका हुन् । त्यस्तै, सचिवमा तुलसी साह, कोषाध्यक्षमा सनत गुप्ता र सहकोषाध्यक्षमा राम प्रवल चौधरी चयन भएका छन् । कार्यक्रम संयोजकमा भने प्रभाकर साह र सहसंयोजकमा संतोष गुप्ता सर्वसम्मतिले निर्वाचित भएका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा रोशन गुप्ता, अभिषेक कुमार झा, जुमादिन हवारी, अशोक यादव, अन्जु साह, विभा मिश्रा, संगिता साह, परमानन्द साह र सन्दिप रौनियार चुनिएका हुन् । आगामी दुई वर्षका लागि नयाँ कार्यसमिति चुनिएको हो । अधिवेशनपछि नवनिर्वाचित अध्यक्ष ठाकुरले युवा जोश र अनुभवी पदाधिकारीहरूको मिश्रणले एन्टालाई नयाँ गति प्रदान गर्ने र एन्टा गठनको उद्देश्य पूरा गर्न यो कार्यकाल महत्वपूर्ण हुने बताए ।

अधिवेशनमा निवर्तमान अध्यक्ष सुभान्स साहले आफ्नो कार्यकालमा एन्टाले एउटा पहिचान बनाएको बताउँदै नयाँ कार्यसमितिले एन्टामार्फत तराईबासीहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक विकासमा मद्दत पुर्याउने आशा व्यक्त गरेका छन् ।

# सीमामा संयुक्त सुरक्षा गस्ती

नवलपरासी । सीमा क्षेत्रमा हुने गरेको अपराधिक गतिविधिलाई नियन्त्रण गर्नका लागि नेपाल र भारतका सुरक्षाकर्मीले संयुक्त गस्ती गरेका छन् । नवलपरासी पश्चिमस्थित नेपाल–भारत सीमा क्षेत्रमा नेपाल र भारतका सुरक्षाकर्मीद्वारा संयुक्त सुरक्षा गस्ती गरिएको छ । नवलपरासीमा सीमा सुरक्षाको लागि नेपालको सशस्त्र प्रहरी र भारतको सीमा सुरक्षा बलका सुरक्षाकर्मीले बुधबार संयुक्त गस्ती गरेका हुन् ।

संयुक्त गस्ती टोलीले सीमा स्तम्भ संख्या ५०० देखि स्तम्भ संख्या ४९७ सम्म संयुक्त गस्ती गरिएको सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीले जनाएको छ । सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट, गुठी परसौनी र सशस्त्र सीमा बल एसएसबी, झुलनीपुरले संयुक्त गस्ती गरेका थिए । सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट, गुठी परसौनीका सशस्त्र प्रहरी निरीक्षक तेजबहादुर बुढाथोकीको नेतृत्वमा रहेको गस्ती टोली र सशस्त्र सीमा बल एसएसबी, झुलनीपुरको सशस्त्र प्रहरी नायब उपरीक्षक एन चोंगलोइको नेतृत्वमा रहेको टोलीले सीमा क्षेत्रमा संयुक्त गस्ती गरेको थियो ।

# "मधेशी पुत्र-२" प्रदर्शनमा रोक

काठमाडौं । अनुरागी फिल्म् प्रा.लि.को ब्यानरमा निर्माण भएको "मधेशी पुत्र-२" कथानक चलचित्र केन्द्रीय चलचित्र जाँच समितिले पास गरेन । चलचित्रमा प्रयोग भएका अपाङ्ग सरकार, छक्का, घण्टा जस्ता शब्दहरू म्यूट गर्ने, टाउकोमा गोली हानेको दृश्यहरू ब्लर गर्न लगाउने र सीके राउत भन्ने पात्रको भूमिका र प्रसंग पूर्णरूपमा हटाउन समितिले निर्णय गरेको छ ।




मधेशी पुत्र-२ का लेखक तथा निर्देशक निराजन मेहताले तराई-मधेशको वास्तविक राजनीतिक घटित घटनामा आधारित भएकोले समितिले भनेअनुसारका दृश्यहरू हटाउन नमिल्ने बताएका छन् ।

यस्ता दृश्य तथा सम्वादहरू अन्य नेपाली चलचित्रहरूमा हुँदा केही फरक नपर्ने तर मधेशको राजनीतिक घटनाका बारे निर्माण भएको चलचित्रमाथि रोक लगाउनु मधेशीसँगको विभेदको निरन्तरताकै क्रम नै रहेको लेखक मेहता बताउँछन् ।

## अन्तर्राष्ट्रिय मैथिली सम्मेलन

सप्तरी । नेपालमा सबभन्दा बढी बोलिने मैथिली भाषाको विस्तार एवं संवर्द्धनका लागि राजविराजमा अन्तर्राष्ट्रिय मैथिली सम्मेलन हुँदैछ । मैथिलीको राष्ट्रिय, अन्तर्राष्ट्रिय पहिचानलाई अझ सुव्यवस्थितरूपमा विस्तार गर्न, भाषाको संरक्षण र संवर्द्धन गर्न उचित वातावरणको निर्माण गर्न 'अन्तर्राष्ट्रिय मैथिली सम्मेलन' आयोजना गरिएको आयोजकले जनाएको छ । सप्तरीको राजविराजमा शुक्रबारदेखि दुईदिने अन्तर्राष्ट्रिय मैथिली सम्मेलन हुन लागेको हो । शनिबारसम्म चल्ने सम्मेलनको पहिलो दिन स्थानीय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयमा भेला भई भव्य जुलुशसहित प्रभातफेरि गरी अनुपदास धर्मशालामा पुग्ने कार्यक्रम रहेको छ । त्यस्तै सम्मेलनमा स्मारिका र केही पुस्तकको विमोचन, 'मिथिलारत्न' र 'मिथिलाश्री' सम्मानसमेत नेपाल-भारतका विशिष्ट व्यक्तित्वलाई प्रदान गरिने छ । उद्घाटन सत्र समाप्तिपश्चात् तत्काल नेपाल-भारतका अतिविशिष्ट कलाकर्मीद्वारा भव्य सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिने बताउँदै दोस्रो दिन विचार गोष्ठी राखिएको बताइएको छ । सम्मेलनमा नेपाल-भारतका करिब २०० प्रतिनिधिको सहभागिता रहने दुवै दिनको कार्यक्रममा नेपाल र भारत दुवै देशका लब्ध प्रतिष्ठित लेखकद्वारा लेखिएका पुस्तकको प्रदर्शनीसमेत राखिने जनाइएको छ ।

## सामाजिक सद्भाव...

भनेर अधिकार प्राप्तिको उद्देश्यले विभिन्न नाम दिएर क्षेत्रीय दलहरू खुले, जसले २०७४ को प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा राम्रो मत ल्याएर राष्ट्रिय पार्टीको रूपमा पहिचान बनाउन सफल पनि भएको छ। मधेशको नाममा क्षेत्रीय रूपमा राजनीति गर्न खोलिएका दलहरूले अब आफ्नो धारणा परिवर्तन गर्दै सामाजिक विखण्डनको होइन, एकता र सहकार्यको लागि पनि लड्नुपर्छ।

राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरम नेपालले अब मधेशको मुद्दा मात्र उठाएर राजनीति गर्ने होइन कि अबका दिनमा उनीहरूले मधेशको सामाजिक बनोटका साथै मधेश र पहाडका लागि सेतुका रूपमा आफूलाई उभ्याउन सक्नुपर्छ। मधेशमा हुने शीतलहर, बाढीको विषयसँगै पहाडको पहिरो, कर्णालीमा चामल अभाव भएको विषय, जुम्लामा सडक निर्माणमा ढिलाई भएको विषय पनि उनीहरूले उठाउन सक्नुपर्छ।

मधेश विकासमा पछाडि परेको छ, अधिकार र पहिचानको लागि आन्दोलनमा छ र अन्य विभिन्न समस्याले ग्रस्त छ भन्दैमा पहाड र हिमाल सुगम, शान्त, विकसित छ भन्ने होइन । खान पुग्ने अन्न उत्पादन नहुनु, सिँचाईको अभाव, सडकको अभाव जस्ता विभिन्न समस्याले पहाड र हिमाल पनि पीडित छ। हामीले सबैभन्दा पहिले आफ्नो सोचाईमा परिवर्तन ल्याउन जरूरी छ। मधेशका नागरिक पनि नेपाली नै हुन् भन्ने भावना जुम्लाको कुनै तामाङ समुदायको व्यक्तिले भन्न सक्नुपर्छ भने झापाको एउटा व्यक्तिले हुम्लाको समस्या बुझ्न सक्नुपर्छ र इलामको मान्छेले दार्चुलाको विषयमा जानकारी लिनुपर्छ।

भखैरे सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पनि मधेश र पहाडका जनताले यस्तै समाजिक सदभावको अभिव्यक्ति र चाहनालाई आफनो मतमार्फत प्रकट गरेका छन्। उनीहरू राजनीतिक कलेवरभन्दा माथि उठेर मधेशबाट पहाडी र पहाडबाट मधशी नेतालाई जिताएर मधेश र पहाडको संगमको रूपमा नेपालको राजनीतिलाई व्याख्या गरेर अनुपम सन्देशको नमुना अभिव्यक्त गरेका छन्।

यसपटको निर्वाचनमा धेरै यस्ता अनुहारहरू देखिए जो पहाडको भएर मधेशबाट जित हासिल गर्न सफल भए भने मधेशी उम्मेदवारहरूले पनि पहाडी मतदाताको मत पाएर जित प्रापत गरे। भित्री मधेशमा समेत कतिपय पहाडी मूलका उम्मदेवारले राम्रै स्थान पाएका छन् भने पहाडी मतदाता बढी मानिने कतिपय क्षेत्रमा मधेशी मूलका उम्मेदवार विजयी भएका छन् । जनताले जातीयता र क्षेत्रीयताका आधारमा नभई राजनीतिक दल, उम्मेदवार, संगठन, लोकप्रियता र मुद्दाका आधारमा मताधिकार प्रयोग गरेको देखियो। मोरडको क्षेत्र नं १, २ र ३ मा क्रमश: एमालेका घनश्याम खतिवडा, नेपाली काँग्रेसका डा. मीनेन्द्रप्रसाद रिजाल र एमालेकै भानुभक्त ढकाल मधेशी समुदायको मतसहितले प्रतिनिधिसभामा विजयी भएका छन्। भित्री मधेश मानिने सिरहा क्षेत्र नं ३ मा एमालेका लीलानाथ श्रेष्ठ र सिरहा १ मा काँग्रेसका प्रदीप गिरीबाट विजयी हुनु मधेश र पहाडबीचको विभेदलाई अन्त्य गर्ने जनताको चाहना मतबाट प्रकट भएको देखिन्छ। यस्तै, महोत्तरी १ मा नेकपा (माओवादी केन्द्र) का गिरिराजमणि पोखरेल र सोही जिल्लाका क्षेत्र नं २ मा राजपाका शरत्सिंह भण्डारीले कांग्रेसको जीत पनि यसैको उदाहरण हो। सर्लाही १ मा राजपाका प्रमोद साह, धनुषा ४ मा एमालेका रघुवीर महासेठ र सर्लाही ४ मा फोरमका राकेशकुमार साह पहाडी मतदाता बढी भएका क्षेत्रबाट जित्ने मधेशी अनुहार हुन् ।

सोचमा परिवर्तन, आफ्नो देशभित्र भएका जातजाति, भाषाभाषीको विषयमा जानकारी राख्ने हो भने मधेश र पहाडको विषयमा उत्पन्न भएको दुरी घट्न सक्छ। अब हामीले मधेश र पहाडको बीचमा दूरी बढाएर होइन घटाएर देशलाई समृद्ध बनाउने दिशामा अगाडि बढ्नुपर्छ। द्वन्द्व र दूरीले कसैलाई हित गर्दैन ।

## आर्थिक समाचार

### इण्डो-नेपाल रेमिटेन्स सेवा सुरू

काठमाडौं । आईएमई लिमिटेड र वाइजम्यान इम्पेक्स सर्भिस इन्टरप्राइजेजले संयुक्त रूपमा इण्डो-नेपाल रेमिटेन्स सेवा प्रारम्भ गरेका छन् । सम्झौता अनुसार भारतमा रहेका हरेक नेपाली नागरिकले वाइजम्यानका २०० शाखा सहित १४ हजारभन्दा बढी एजेन्ट पार्टनरमार्फत् नेपालमा पैसा पठाउन सक्नेछन् । यसरी पठाइएको रकम नेपालस्थित आईएमईका ६ हजारभन्दा बढी एजेन्ट आउटलेटबाट भुक्तानी लिन सकिनेछ । यी दुईबीचको रेमिटेन्स सेवाका लागि नेपालस्थित ग्लोबल आइएमई बैंक लिमिटेड र भारतस्थित आरबीएल बैंकले सहजीकरण गर्नेछन् ।

### एनसेलको मासिक आय एक अर्ब

काठमाडौं । निजी क्षेत्रको मोबाइल सेवा प्रदायक एनसेलको डाटा खपत दोब्बर हुँदा उसको मासिक डाटा खपतबाट हुने आय एक अर्ब रूपैयाँ हाराहारी पुगेको छ । कम्पनीको प्रमुख लगानीकर्ता आजियाटाले सार्वजनिक गरेको तेस्रो त्रैमासिक प्रतिवेदन अनुसार गत वर्षभन्दा ८७ प्रतिशतले प्रतिग्राहक मासिक डाटा वृद्धि भएको छ । आजियाटाले सार्वजनिक गरेको तेस्रो त्रैमासिक प्रतिवेदन अनुसार मासिक प्रतिग्राहक डाटा खपत तीन सय ६१ एमबी पुगेको छ ।

### मेगा र टुरिज्मको मर्जर प्रस्ताव पारित

काठमाडौं । मेगा बैंक र टुरिज्म डेभलपमेन्ट बैंकको मर्जरको प्रस्ताव पारित भएको हो । मेगा बैंकको मंगलबार काठमाडौंमा सम्पन्न विशेष साधारणसभाले टुरिज्म डेभलपमेन्ट बैंक लिमिटेडलाई गाभ्नका लागि अनुमति दिएको हो । सभामा मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले प्रस्तुत गरेको मर्जरसम्बन्धी विशेष प्रस्ताव सर्वसम्मत पारित भएको हो ।

### एनसीसी र एनबीआईबीच सम्झौता

काठमाडौं । नेशनल बैकिङ्ग इन्स्टिच्युट लिमिटेड (एनबीआई) र नेपाल क्रेडिट एण्ड कमर्स बैंकबीच सम्झौता भएको छ । एनसीसीले आफ्नो बैंकका कर्मचारीहरूका कार्यदक्षता वृद्धिसम्बन्धी तालिम सञ्चालन गर्नका लागि एनबीआईसँग सम्झौता गरेको हो । सम्झौता अनुसार एनबीआईले एनसीसी बैंकका कर्मचारीहरूको कार्यदक्षता विकासका लागि विभिन्न तालिमहरू उपलब्ध गराउनेछ ।

### ग्लोबल आइएमईको शाखारहित सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंकले पुस ०४ गते मंगलबार संखुवासभा जिल्लाको चैनपुर नगरपालिका-३, पोखरी बजारमा आफ्नो ५४ औं शाखारहित बैंकिङ्ग सेवा सुरू गरेको छ । संखुवासभा जिल्लाको चैनपुर नगरपालिका-३, पोखरी बजारमा सुरू गरिएको सेवाको लागि स्थानिय मनमाया लिम्बुलाई व्यवसायिक प्रतिनिधि नियुक्त गरिएको छ । कृषि र रेमिट्यान्स मुख्य आएस्रोत रहेको पोखरी बजारका बासिन्दा बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई मध्यनजर गर्दै ग्लोबल आइएमई बैंकले उक्त स्थानमा शाखारहित बैंकिङ्ग सेवा सुरू गरेको हो ।

## चित्रकला प्रदर्शनी सम्पन्न

काठमाडौं । नेपाल र भारका २२ कलाकालका चित्रकला समावेश गरिएको अन्तराष्ट्रिय कला प्रदर्शनी बिहिबार समापन भएको छ । आईतबारबाट बबरमहलस्थित आर्ट काउन्सिलमा सुरू भएको सो प्रदर्शनीमा दिनचर्याको विषयदेखि अध्यात्म, ध्यान, ज्ञान ब्रह्माण्डलाई समेटेर बनाइएका ४० चित्रकला प्रदर्शन गरिएको थियो । 'सेड्स अफ ह्यु' शीषर्कमा आयोजित प्रदर्शनीमा नेपालका चार र भारतका १८ कलाकारहरूको सहभागिता रहेको थियो । प्रदर्शित कलाकृतिमा नेपाली कलाकारले नेपालको संस्कृति दिनचर्याका साथै हिमाली दुश्इ समेटेका छन् भनेअध्यात्म र चेजताको संगमलाई प्रस्तुत गरिएको छ । कलाकालर नेहा मरतोलियाले कमलको फुल र स्थान विशेषलइ राखेर कलाई सिर्जना गरेका थिए । कलाकार नेहा मरतोलियाले कमलको फूल फुलेको हान्त तलायनको पृष्ठभूमिमा शान्त मुद्रामा ध्यानमग्न गौतम बुद्ध, उहाँको सामुने बाल भिक्षु भेषमा उभिएका सोचमग्न भएरहेका दसश्इ क्ष्ज्ञानभासमा उतारेका थिए ।

## मोडल कार्कीलाई भारतीय उपाधि

काठमाडौं । नेपाली मोडल सविता कार्कीले भारतीय फेसन रियालिटी सो इन्डियाज नेक्स्ट टप मोडलमा फस्ट रनर्स अपको उपाधि जित्न सफल भएकी छन् । प्रतियोगिताको तेस्रो संस्करणमा शीर्ष विजेता भारतको अहमदावादकी रिया सुवोधले हात पारिन् भने उत्कृष्ट तीनमा रहेकी स्वेता राज सेकेन्ड रनरअप घोषित भइन् । काठमाडौंकी २३ वर्षीया कार्की ज्याम्प सो र म्यागाजिन फोटो सुटका लागि निकै अगाडि छिन् । भिम्याग, एम एन्ड एस, टीएनएम लगायतमा फोटो प्रकाशित भएपछि चर्चामा आएकी सविताको उचाई ५ फिट ८ इन्च रहेको छ । बलिउड अभिनेत्री मलाइका अरोरासँग सविताले दिएको पोज उत्कृष्ट फोटो घोषणा भएको थियो ।

## सलमान खानसँगै पाँच दर्जन बलिउड कलाकार नेपाल आउँदै




काठमाडौं । भारतीय सुपरस्टार सलामान खान काठमाडौंको टुँडिखेलमा हुने मनोरञ्जनात्मक कार्यक्रम 'दबंग द टुर नेपाल' मा सहभागी हुने भएका छन् । २६ फागुन अर्थात् १० मार्चमा आयोजना हुने 'दबंग द टुर नेपाल' मा सहभागी हुन सलमान खान, बलिउड नायिका सोनाक्षी सिन्हा, कृति सेनन, कोरियोग्राफर तथा चर्चित अभिनेता प्रभु देवा, डेजी शाह, मिट ब्रदर, मनिष पावल सहित कम्तीमा पाँच दर्जन कलाकार काठमाडौं आउने छन् । काठमाडौंको नेपाली इभेन्ट कम्पनी ओडीसी इन्टरटेन्मेन्टले कार्यक्रम आयोजना गर्न लागेको हो । भारतमा रहेको शोहेल खान प्रडक्सन र जेई इभेन्ट्ससँगको सहकार्यमा यो कार्यक्रम हुन लागेको ओडीसीका प्रबन्ध निर्देशक सिमान्त गुरूङले जनाए । विनाशकारी भुकम्प र नाकाबन्दीपछि पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रचारलाई न्यूनीकरण गर्दै नेपाल सुरक्षित गन्तव्य रहेको सन्देश दिन मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्न लागिएको गुरूङले बताए ।




मिथिला दर्शन टी.भी.
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं